# परिच्छेद - एक
# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **सबैको नेपाली पाठ्यपुस्तकमा समाविष्ट व्याकरण खण्डको अध्ययन** रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत सुकुना बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको पाठ्यांश नेपा.शि.५९८ को उद्देश्य पूरा गर्ने प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ समस्या कथन

यो शोधकार्य निम्न समस्याहरूमा केन्द्रित रहेको छ :

- प्रस्तुत 'सबैको नेपाली' पाठ्यपुस्तकमा समाविष्ट व्याकरण खण्ड स्तर अनुरूप छन् ?
- 'सबैको नेपाली' पाठ्यपुस्तकमा व्याकरण शिक्षणका के कस्ता विधिहरू प्रयोग गरिएका छन् ?
- 'सबैको नेपाली' पाठ्यपुस्तकमा व्याकरणात्मक एकाइहरूको छनोट र स्तरण कसरी गरिएको छ ?
- 'सबैको नेपाली' भाषा पाठ्यपुस्तकका व्याकरणात्मक एकाइहरूमा के कस्ता कमी कमजोरीहरू रहेका छन् ?
- कमी कमजोरी सुधारका लागि के कस्ता सुझावहरू प्रस्तुत गर्न सकिन्छ ?

## १.४ शोधकार्यको उद्देश्य

यस शोधकार्यका उद्देश्यहरू निम्नानुसार छन् :

- प्रस्तुत पाठ्यपुस्तकमा समाविष्ट व्याकरणात्मक एकाइहरूको स्तर अनुरूपताका आधारमा अध्ययन गर्न,

- शिक्षण विधिहरूका आधारमा अध्ययन गर्न,
- छनोट र स्तरणका आधारमा व्याकरण खण्डको अध्ययन गर्न,
- व्याकरण खण्डमा देखिएका /रहेका कमी कमजोरीहरू पत्ता लगाई तिनीहरूका सुधारका लागि आवश्यक सुझावहरू दिन ।

## १.५ पूर्वकार्यको समीक्षा

अनुसन्धान कार्य आफैँमा जटिल र गहन विषय हो । त्यसमा पनि व्याकरण जस्तो विषयमा अध्ययन तथा शोधकार्य गर्नु महत्त्वपूर्ण मानिन्छ । विभिन्न पाठ्यपुस्तक, लेखरचना, बाङ्मयहरूमा व्याकरण आवश्यक एकाइ मानिन्छ । व्याकरणबिना कुनै पनि भाषा तथा बाङ्मय तयार गर्न असम्भव छ । यस सम्बन्धमा पहिलेदेखि नै विभिन्न विद्वान् तथा भाषाविद्हरूबाट प्रयास भएका छन् ।

वि.सं. १९५८ मा शिक्षाप्रेमी जयपृथ्वीबहादुर सिंहले 'अक्षराङ्क शिक्षा' नामक पाठ्यपुस्तकका साथै 'प्राकृत व्याकरण' लेखेर नेपाली भाषाको व्याकरण क्षेत्रमा नौलो आयाम थपेको तथ्य पाइन्छ । सैद्धान्तिक पुस्तकका रूपमा हेमराज पण्डितको वि.सं. १९६९ 'चन्द्रिका व्याकरण', रामचन्द्र ढुङ्गानाको वि.सं. १९७७ मा 'सरल नेपाली व्याकरण', कृष्णप्रसाद पराजुलीको २०२३ मा 'राम्रो रचना मीठो नेपाली' २०३६ सालमा मोहनराज शर्माको 'शब्दरचना र वर्णविन्यास', त्यस्तै वि.सं. २०४९ मा हेमाङ्गराज अधिकारीको 'समसामयिक नेपाली व्याकरण', हेमाङ्गराज अधिकारीकै 'नेपाली भाषा शिक्षण', 'सामाजिक र प्रायोगिक भाषा विज्ञान', 'भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति' २०५७ जस्ता पुस्तकहरूको रचना भएका छन् ।

- हेमाङ्गराज अधिकारीद्वारा लिखित 'नेपाली भाषा शिक्षण' २०६१-०६२ : १८० मा व्याकरण भनेको मूल वक्ताका भाषामा पाइने अन्तर्निहित संरचना हो र यस संरचनालाई सुव्यवस्थित ढङ्गले वर्णन गरिएको कुनै पनि सामग्री व्याकरण हो भनी परिचय दिएका छन् ।
- शान्तिप्रसाद ढकालद्वारा लिखित 'नेपाली भाषा शिक्षण परिचय र प्रयोग', २०६२ : २९६ मा माध्यमिक तहमा व्याकरण शिक्षणको आवश्यकता भन्ने शीर्षकमा पाठ्यक्रमले निर्धारण गरेका व्याकरणका क्षेत्रलाई केलाउने काम गरेका छन् ।

– रामचन्द्र लम्साल र अन्य साथीहरूद्वारा लिखित 'भाषापाठ्यक्रम तथा शिक्षण पद्धति', २०६३ : ११७ मा व्याकरण विधाका बारेमा चर्चा गरेका छन् ।

– रामचन्द्र लम्सालद्वारा लिखित 'नेपाली भाषा र व्याकरण', २०६४ : ७३ मा नेपाली भाषाको मानकीकरणमा व्याकरणको योगदान शीर्षकमा भाषानिष्ट नियम नै व्याकरण हो भन्दै नेपाली भाषाको मानकीकरणमा नेपाली व्याकरणको महत्त्वपूर्ण योगदान रहेको कुरालाई उल्लेख गरिएको छ ।

विद्यालय तथा उच्च शिक्षामा व्याकरण शिक्षणका आवश्यकतालाई मध्यनजर गरी पारसमणि भण्डारी, भोजराज ढुङ्गले, दुर्गाप्रसाद दाहाल, रामप्रसाद ज्ञवाली, गणेशप्रसाद आदिका व्याकरण रचना तथा पुस्तकहरू छन् । यी पुस्तकहरूले भाषा शिक्षणका सन्दर्भमा व्याकरण शिक्षणको महत्त्व दर्साउँछन् । यस सन्दर्भमा विभिन्न शोधकर्ताहरूले अनेक शोधकार्यहरू गरेका छन् । यस सम्बन्धमा भएका शोधहरूको कालक्रमिक अध्ययन प्रस्तुत गरिएको छ :

– खतिवडा (२०५४) ले **माध्यमिक तहको नेपाली पाठ्यक्रममा समावेश गरिएका व्याकरणात्मक अभ्यासहरूको अध्ययन** नामक शोधपत्रमा माध्यमिक तहको नेपाली पाठ्यक्रमले तोकेबमोजिमको व्याकरणात्मक अभ्यास पाठ्यपुस्तकमा समावेश भए नभएको, स्तर अनुकूल विषयवस्तुको छनोट र स्तरण आदिमा केन्द्रित रहेर विश्लेषण गरेको पाइन्छ ।

– कार्की (२०५५) ले **कक्षा ८ को हाम्रो नेपाली किताबमा समाविष्ट व्याकरण अभ्यासहरूको विश्लेषण** नामक शोधपत्रमा कक्षा ८ को पाठ्यपुस्तकमा नेपाली भाषा पाठ्यक्रमअनुरूप नै व्याकरणात्मक अभ्यासहरू समावेश गरिएको पाइन्छ । तर यस पाठ्यपुस्तकमा पर्याप्त मात्रामा विभिन्न प्रकृतिका व्याकरणात्मक प्रश्नहरू समावेश गर्न भने नसकेको देखिने तथ्य उल्लेख गरेका छन् ।

– बस्नेत (२०५९), **कक्षा ७ को हाम्रो नेपाली किताबमा समाविष्ट व्याकरणको अध्ययन** नामक शोधपत्रमा निम्न माध्यमिक तहको कक्षा ७ को नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका व्याकरणका अभ्यासहरू स्तर अनुकूल हुन नसकेको तर पाठ्यक्रम अनुरूप रहेको तथ्य उल्लिखित गरेको पाइयो ।

- काफ्ले (२०६५), **कक्षा १० को नेपाली (२०६४) पाठ्यपुस्तकमा समाविष्ट व्याकरणको अध्ययन** विषयक शोधकार्य गरेको पाइयो । शोधार्थीले शोधकार्यको उद्देश्यमा छनोट र स्तरणका दृष्टिले पाठ्यक्रम पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणको विश्लेषणात्मक अध्ययन, व्याकरणका अभ्यासहरूको पाठ अनुरूपताको अध्ययन, वर्तमान व्याकरणका पाठमा देखिएका कमजोरी औँल्याई सुझाव दिने कार्य गरेको पाइन्छ । उक्त शोधमा मुख्य रूपमा पुस्तकालयीय विधि प्रयोग गरेको पाइन्छ ।
- भट्टराई (२०६७), **कक्षा ९ को भाषा पाठ्यपुस्तकमा समाविष्ट व्याकरण सम्बन्धी अभ्यासहरूको विश्लेषणात्मक अध्ययन** विषयक शोध गरेको पाइयो । शोधकर्ताले शोधकार्यको उद्देश्यमा पाठ्यपुस्तकमा समाविष्ट व्याकरणसम्बन्धी अभ्यासहरूको विश्लेषणात्मक अध्ययन गर्नु, अभ्यास खण्डका सबल र दुर्बल पक्षहरूको पहिचान गर्नु, व्याकरणसम्बन्धी अभ्यास खण्डको सुधारका लागि निष्कर्ष र सुझाव दिनु रहेको छ ।

हालसम्म भएका विभिन्न शोधकार्यहरूको अध्ययन विश्लेषणबाट व्याकरण लेखन कार्य, व्याकरण विषयक शोधकार्य भएता पनि यसको अध्ययन तथा लेखन कार्यको स्थिति न्यून पाइन्छ । प्राप्त भएका शोधकार्यहरूमा व्याकरण र तिनका अभ्यासहरूको खास अनुसन्धान नभइसकेको वर्तमान अवस्थामा उच्च माध्यमिक तहको सबैको नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण खण्डको अध्ययन अनुसन्धान भएको देखिएन । व्याकरण सम्बन्धी शोधकार्य तुलनात्मक रूपमा कम भएका तथा छिटफुट रूपमा तयार गरिएका व्याकरण सम्बन्धी शोधकार्य पनि तल्ला कक्षाहरूसँग मात्र सम्बन्धित रहेका कारण उच्च माध्यमिक तहमा व्याकरण सम्बन्धी अध्ययन आवश्यक भएकाले यस परिप्रेक्षमा प्रस्तुत शोधकार्य औचित्यपूर्ण हुने देखिएकाले यस शीर्षकमा शोधकार्य अघि बढाइएको छ ।

## १.६ अध्ययनको औचित्य र महत्त्व

व्याकरण भाषालाई नियम र अनुशासनमा बाँध्ने विधा हो । भाषिक सीप प्राप्तिका लागि विविध साहित्यिक विधा अभ्यास लगायत व्याकरण खण्डलाई समावेश गरिएको पाइन्छ । यी सम्पूर्ण पक्षलाई समावेश गर्नुको उद्देश्य भाषिक सीप प्राप्त गर्नु हो । लिपिबद्ध सामग्रीमा व्याकरण निहित रहेको हुन्छ । तसर्थ भाषिक सीप प्राप्त गर्नु भनेको भाषाका नियम र व्यवस्था जान्नु हो । हरेक तहमा व्याकरणका विषयवस्तुलाई विन्यास गर्दा रुचि,

स्तर, क्षमता र आवश्यकतालाई ख्याल गरिनु पर्दछ । प्रस्तुत शोधपत्रमा कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकमा समाविष्ट व्याकरणका विषयवस्तुको छनोट र स्तरण उपयोगी भए नभएको, विद्यार्थीको स्तरसँग तालमेल मिले नमिलेको, विषयवस्तुको विन्यास उपयोगी ढङ्गले गरे नगरेको अध्ययन गरिनेछ । अध्ययनको निष्कर्षका आधारमा उपयुक्त सुझावहरू समेत प्रस्तुत गरिने भएकाले भाषा पाठ्यपुस्तक निर्माता- पाठ्यक्रमविद्, शिक्षक, विद्यार्थी, व्याकरणसँग सम्बन्धित भएर अध्ययन गर्न चाहने अनुसन्धाताहरूलाई समेत यस शोधपत्रले सहयोग पुऱ्याउने भएकाले यसको औचित्य र महत्त्व रहेको पाइन्छ ।

## १.७ अध्ययनको सीमाहरू

यो शोधपत्र निम्नलिखित बुँदाहरूमा सीमित रहेको छ :

- यो शोधपत्र उच्च माध्यमिक शिक्षा परिषद् अन्तर्गत 'सबैको नेपाली' पाठ्यपुस्तकमा सीमित रहेको छ ।
- यो शोधपत्र 'सबैको नेपाली' पाठ्यपुस्तकमा समाविष्ट व्याकरण खण्डमा सीमित रहेको छ ।
- यो शोधपत्र व्याकरणिक विधाहरूको पुस्तकालयीय अध्ययन गरी निष्कर्ष तथा सुझाव दिनमा सीमित रहेको छ ।
- यी बाहेकका कुराहरू यस शोधकार्यका सीमा हुन् ।

## १.८ शोध विधि

प्रस्तुत शोधकार्य निम्न विधिमा आधारित भई सम्पन्न गरिएको छ :

- पुस्तकालयीय विधिलाई आधार बनाई अध्ययन गरिएको छ,
- विषयवस्तुलाई आधार बनाई शोध गरिएको छ,
- वर्णनात्मक ढाँचालाई जोड दिइएको छ,
- अध्ययन अनुसन्धानसँग सम्बन्धित पुस्तक, शोधपत्र, पत्र-पत्रिका, लेख रचना आदिका आधारमा अध्ययन गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्न अनुसार रहेको छ :

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : व्याकरणको सैद्धान्तिक परिचय

परिच्छेद तीन : वर्तमान पाठ्यक्रम र पाठ्यपुस्तकमा व्याकरणको स्थान

परिच्छेद चार : 'सबैको नेपाली' पाठ्यपुस्तकमा समाविष्ट व्याकरण खण्डको अध्ययन

परिच्छेद पाँच : निष्कर्ष तथा सुझाव

सन्दर्भसूची

# परिच्छेद - दुई

# व्याकरणको सैद्धान्तिक परिचय

## २.१ परिचय

विभिन्न विद्वानहरूले व्याकरणलाई आ-आफ्नै ढङ्गले चिनाएका छन् ।

व्याकरण n 1. grammar 2. analysis, decomposition 3. one of the six vedangas

- (लोहनी र अन्य, २०६७ : ८६६) ।

'व्याकरण' तत्सम शब्द हो । वि+आ+कृ+अन मिलेर व्याकरण शब्दको व्युत्पादन भएको छ । व्याकरण भाषाको नियम र अनुशासन हो । - (अवस्थी र अन्य, २०५३ : २०) ।

व्याकरणले भाषालाई शुद्ध रूपमा बोल्न र लेख्नमा सहयोग प्रदान गर्दछ । यसको प्राप्ति उपयुक्त र स्तरीय अभ्यासका माध्यमले हुन्छ । (१) भाषाका वर्ण, रूप, शब्द, वाक्य आदिमा अन्तर्निहित व्यवस्था, (२) भाषाको व्यवस्थाभित्र रहेका नियमहरूको उदाहरण सहित वर्णन तथा व्याख्या भएको पुस्तक (अधिकारी र अन्य, २०६६ : ९३१) ।

कुनै भाषाका शब्द, शब्दका विभिन्न रूप, तिनको संरचना विधि, वाक्य र त्यसका विभिन्न अङ्ग तथा तिनीहरूको पारस्परिक सम्बन्ध छुट्याउनका साथै शब्द, वाक्य आदिको शुद्ध प्रयोग गर्ने नियमको निरुपण गर्ने शास्त्र : शब्द तथा वाक्यसम्बन्धी नियम र उदाहरणको सङ्कलन गर्ने शास्त्र नै व्याकरण हो (पोखरेल, २०४० : १२४८) ।

परम्परागत मान्यताअनुसार शुद्ध लेख्न र बोल्न सिकाउने विद्यालाई व्याकरण भनिन्छ (अधिकारी, २०५७ : १६२) ।

यस दृष्टिले व्याकरणको शिक्षणबाट विद्यार्थीमा हुने भाषा प्रयोगको अशुद्धिलाई निर्मूल पार्न सकिन्छ । यसको औपचारिक शिक्षण बिना भाषाको शुद्ध प्रयोग असम्भव हुन्छ । परम्परागत धारणाअनुसार व्याकरण सिकेपछि भाषा स्वतः सिकिन्छ भन्ने दृष्टिकोण र मान्यता रहेको स्पष्ट देखिन्छ (ढकाल, २०६३ : १७८) ।

भाषाविज्ञानले व्याकरणलाई भाषाविज्ञानको एक महत्त्वपूर्ण एवम् मूलभूत अङ्गका रूपमा स्वीकार गर्दछ । भाषाको आन्तरिक संरचना (ध्वनि, वर्ण, अक्षर, रूप, पद, पदावली,

वाक्यांश, वाक्य) मा अन्तर्निहित नियम र अपवादको वस्तुपरक अध्ययन, व्याख्या र विश्लेषणलाई व्याकरण भनिन्छ (ढकाल, २०६६ : ३०) । व्याकरण भाषाको आन्तरिक संरचनासम्बद्ध तत्त्व हो । यसले भाषाका आन्तरिक संरचना र नियमहरूको व्याख्या र विश्लेषण गर्दछ । व्याकरणले भाषालाई पछ्याउँछ । भाषाभित्र व्याकरण हुन्छ । भाषिक अनुशासन कायम गर्न, भाषिक ज्ञानको उपयुक्त स्तरण र परिष्कार गर्न, भाषाको खास संरचना पहिल्याउने क्षमताको विकास गर्न, भाषागत एवम् शैलीगत विचलन हटाउन, दोस्रो भाषाको प्रयोगमा पहिलो भाषाको प्रयोग प्रभाव हटाउन, सिर्जनात्मक क्षमताको विकास गर्न, भाषा शिकाइको सहयोगी तत्त्वका रूपमा लिइनु आवश्यक देखिन्छ (अवस्थी र अन्य, २०५३ : २१) । वर्तमान भाषा पाठ्यपुस्तकहरूमा भाषासँगै व्याकरण शिक्षण गर्न मिल्ने गरी राखिएको पाइन्छ । २१ औँ शताब्दीका संरचनावादी व्याकरणकारहरू भाषामा भएका संरचनात्मक विशेषताहरूको वर्णन गर्ने भाषातत्त्वको अभिन्न अङ्गका रूपमा व्याकरणलाई लिन्छन् । उनीहरूका अनुसार भाषा व्याकरणबद्ध हुन्छ । रुपान्तरणवादी व्याकरणका प्रवर्तक नोम चम्स्काका अनुसार मान्छेले जन्मदै भाषा सिक्ने क्षमता लिएर आएको हुन्छ, त्यो क्षमता भनेको बुद्धि हो । उनका अनुसार मान्छे जन्मदा कोरा मस्तिष्क लिएर आएको हुँदैन, उसले बुद्धि लिएर आएको हुन्छ । जन्मजात रूपमा भाषा सिक्ने क्षमतालाई व्यावहारिक रूपमा अगाडि बढाउन नखोजी सिद्धान्तगत बौद्धिक ज्ञानबाट मात्र अगाडि बढाउन खोजिने हो भने अपेक्षित लक्ष्य हासिल गर्न सकिदैन (ओभ्mा, २०६५ : २११) । त्यसैले व्याकरण शिक्षणको मुख्य उद्देश्य भाषा प्रयोगमा स्तरीयता आओस् भन्ने हुनु पर्दछ । भाषालाई उचित ठाउँमा उचित किसिमले प्रयोग गर्न सकियो भने व्याकरणको सैद्धान्तिक ज्ञानको आवश्यकता नै पर्दैन । यही कुरालाई आत्मसात गर्दै वर्तमान विद्यालय तथा उच्च माध्यमिक पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूमा व्याकरणको सैद्धान्तिक प्रयोगलाई न्यून गरेर व्यावहारिक माध्यमद्वारा भाषिक प्रयोगमा दक्षता हासिल गराउने विधाका रूपमा व्याकरणलाई स्वीकारिएको तथ्य पाइन्छ ।

## २.२ भाषा र व्याकरणको सम्बन्ध

भाषा संस्कृतको 'भाष्' धातुबाट निर्मित शब्द हो । यसको शाब्दिक अर्थ बोल्नु वा भन्नु हो । जो बोलिन्छ, त्यो भाषा हो (ढकाल, २०६६ : १) ।

पतञ्जली - उच्चारण अवयवबाट नि:सृत मानवीय अभिव्यक्ति नै भाषा हो ।

ब्ल्याक र ट्रेगर (आउटलाइन अफ लिङ्विस्टिक एनालाइसिस) - सामाजिक समुदायद्वारा प्रयोग गरिने यादृच्छिक वाक्प्रतीकहरूको अवस्थालाई भाषा भनिन्छ ।

ब्लुमफिल्ड - भाषा एक किसिमको उत्तेजनाको प्रतिक्रिया हो ।

नोम चम्स्की - व्याकरणिक वाक्य बुझ्ने र प्रयोग गर्न सक्ने मातृभाषा-भाषीको सहज ज्ञान नै भाषिक स्वरूप हो ।

भाषा सीमित उच्चारक अवयवको समुच्चयबाट निर्मित निश्चित लम्बाइका सीमित-असीमित वाक्यहरूको समुच्चय हो (ढकाल, २०६६ : ३) ।

व्याकरण तत्सम शब्द हो । वि+आ+कृ+अन मिलेर व्याकरण शब्दको व्युत्पादन भएको हो ( अधिकारी र अन्य, २०६६ : ९३१) ।

व्याकरण भाषाको नियम र अनुशासन हो (अवस्थी र अन्य, २०५३ : २०) ।

भाषाविज्ञानको केन्द्रीय क्षेत्रभित्र व्याकरण पर्दछ । व्याकरणभित्र रूपविज्ञान, रूपसन्धिविज्ञान, वाक्यविज्ञान आदि पर्दछन् (ढकाल, २०६६ : १९) ।

वास्तवमा मानवीय उच्चारण अवयवद्वारा उच्चारित यादृच्छिक ध्वनिप्रतीकहरूको त्यो व्यवस्थालाई भाषा भनिन्छ, जसका सहायताबाट समाजका मानिसहरू विचार विनिमय गर्दछन् ।

भाषाको आन्तरिक संरचनामा अन्तर्निहित नियम र अपवादको वस्तुपरक अध्ययन, व्याख्या र विश्लेषणलाई व्याकरण भनिन्छ । भाषामा निहित विविध तत्त्वहरू जस्तै : वर्ण, रूप, वाक्य आदिलाई एक आपसमा अन्बिति गराई प्रयोग योग्य बनाउने कार्य व्याकरणले गर्दछ अतः भाषालाई नियम शासित गर्ने काम व्याकरणले गर्दछ ।

संसारमा धेरै भाषाहरू छन् । ती हरेक भाषामा आ-आफ्नै नियमहरू रहेका हुन्छन् । लिपि भएका भाषाहरूमा व्याकरण पनि लिपिबद्ध भएका हुन्छन् । लिपि नभएका भाषाहरूमा पनि निश्चित परम्परित नियमहरूको प्रयोग भने भई रहेकै हुन्छ । यसर्थ भाषामा व्याकरण अन्तर्निहित रहेको पुष्टि हुन्छ । भाषा व्याकरणबद्ध हुन्छ । जुनसुकै भाषा सुन्दा, बोल्दा, पढ्दा र लेख्दा अथवा भाषिक सीप आर्जन गर्नका लागि व्याकरणिक ज्ञानको आवश्यकता पर्दछ । भाषा सिक्नु भनेको भाषाका बारेमा जान्नु नभएर भाषिक सीप प्राप्ति गर्नु हो । भाषिक

सीपसँगै व्याकरण पनि अन्तर्निहित भएको हुनाले यी दुईबीच अन्योन्याश्रित सम्बन्ध रहेको तथ्य पुष्टि हुन्छ ।

## २.३ भाषा शिक्षणमा व्याकरणको औचित्य तथा महत्त्व

शरीरमा नसाको महत्त्व भए झैँ भाषाका लागि व्याकरणको महत्त्व हुन्छ । व्याकरणिक सुझ र व्यावहार तथा विशुद्ध प्रयोग अभ्यासबाट व्याकरणसम्मत शुद्ध भाषाको प्रयोग गर्न सकिन्छ । त्यसैले भाषा शिक्षणमा व्याकरणलाई पनि एक महत्त्वपूर्ण भाषिक विषयवस्तुका रूपमा ग्रहण गरेर शिक्षण गर्ने गराउने प्रचलन रहेको छ (शर्मा र पौडेल, २०६७ : २१७) ।

व्याकरणको ज्ञानबिना भाषाको सैद्धान्तिक र प्रायोगिक दुबै पक्ष कमजोर हुन जान्छ । भाषाबिना व्याकरणको कल्पना गर्न सकिँदैन । त्यसैले व्याकरणलाई भाषाबाट अलग गराएर जटिल तरिकाले शिक्षण गर्न खोज्दा भाषा शिक्षणमा कृतिमता आउँछ र शिक्षण अवैज्ञानिक र अव्यावहारिक हुने मात्र नभई सिकाइ उपलब्धि शून्य हुन सक्छ । व्याकरण भनेको भाषाका मूल वक्ताहरूका भाषा प्रयोगमा पाइने संरचनागत विशेषता हो । बालक आफ्नो मातृभाषाको व्याकरणबाट स्वतः परिचित भई सकेको हुन्छ । त्यसैले भाषा सिकाइ सँगसँगै व्याकरण सिकाइ पनि स्वतः भइरहने हुनाले व्याकरणलाई जटिल औपचारिक एवम् सैद्धान्तिक ढङ्गले बोझिलो बनाएर शिक्षण गर्नु अनुपयुक्त हुन्छ ।

भाषाको प्रयोग प्रसङ्ग एवम् सम्प्रेषणात्मक उपयुक्तताका दृष्टिले ग्रहण गरी सोहीअनुरूप सरल र सहज तरिकाले शिक्षण गर्नुपर्छ । भाषिक अनुशासन कायम गर्न, भाषिक ज्ञानको उपयुक्त स्तरण र परिष्कार गर्न, भाषाको खास संरचना पहिल्याउने क्षमताको विकास गर्न, भाषिकागत एवम् शैलीगत विचलन हटाउन, भाषालाई मानक रूप दिलाउन र उपयुक्त संरचना प्रयोग गरेर तार्किक एवम् सिर्जनात्मक क्षमता विकास गर्न आदि विभिन्न प्रयोजनले व्याकरण शिक्षण गरिनु पर्छ र व्याकरण शिक्षणलाई भाषा सिकाइको सहयोगी तत्त्व (एकाइ) का रूपमा लिइनु पर्दछ (ऐजन : २१८) ।

वर्तमान पाठ्यपुस्तकहरूमा भाषा र व्याकरणलाई साथसाथै शिक्षण गर्न मिल्नेगरी भाषा पाठ्यपुस्तकहरू लेखिएका पाइन्छन् । कक्षा १ देखि ३ कक्षासम्मका विद्यार्थीहरूको शैक्षिक उद्देश्य केवल साक्षरतासँग सम्बन्धित भएकाले ती कक्षाहरूमा व्याकरणका सैद्धान्तिक विषयवस्तुहरू अनावश्यक एवम् अनुपयुक्त मानिन्छ । तीन कक्षासम्म शिक्षकले

सचेततापूर्वक नियन्त्रित वाक्य संरचनाको प्रयोग गरेर व्याकरणात्मक बोझ नहुने गरी भाषाको शुद्ध रूपको शिक्षण गर्नु पर्दछ । कक्षा ४ र ५ देखि सरल व्याकरणात्मक धारणाहरू विकास गर्नुपर्दछ । प्रयोग सन्दर्भका आधारबाट व्याकरण शिक्षणतर्फ अग्रगति प्रदान गर्नुपर्छ । प्राथमिक शिक्षाको पछिल्लो चरणमा व्याकरण शिक्षणको सुरुवात कार्यमूलक एवम् व्यावहारिक प्रयोगका माध्यमले व्याकरणात्मक संरचना प्रयोग गर्ने अवधारणा दिनु पर्छ (शर्मा र पौडेल, २०६० : २१८-२१९) ।

निम्न माध्यमिक (कक्षा ६-८) तहदेखि क्रमशः सरल जटिलको क्रममा आगमनात्मक विधिअनुरूप व्याकरणात्मक सुझ र समझको विकास गरेर प्रयोग र अभ्यासलाई अग्रगति दिनु पर्छ । माध्यमिक (९-१०) तहमा पनि आगमनात्मक एवम् प्रत्यक्ष र सन्दर्भपरक विधि अपनाएर प्रयोग पक्षलाई विशेष जोड दिँदै सरल तथा रोचक ढङ्गले व्याकरणात्मक क्षमता र नियमको जानकारी एवम् सीप विकासलाई माध्यमिक तहको व्याकरण शिक्षणको उद्देश्य बनाउनु पर्छ ।

उच्च शिक्षाको प्रारम्भिक तह (कक्षा ११ र १२) मा पनि निगमनात्मक भन्दा आगमनात्मक अनि सैद्धान्तिक भन्दा प्रयोगात्मक ढङ्गले नै व्याकरण शिक्षणलाई बढी मात्रामा उद्देश्यमूलक बनाउन सकिन्छ । त्यसभन्दा माथिल्ला तहहरूमा आवश्यकता अनुसार जुनसुकै विधि र तरिका अपनाएर शिक्षण गरे पनि हुने स्थिति रहन्छ (ऐजन : २२०) ।

## २.४ व्याकरण शिक्षणका समस्याहरू

हरेक भाषाका आफ्नै प्रकारका व्यवस्था र विशेषताहरू हुन्छन् । नेपाली भाषाका पनि आफ्नै प्रकारका व्यवस्था र विशेषताहरू छन् । नेपाली व्याकरण नेपाली भाषाका आन्तरिक नियम, व्यवस्था र विशेषताहरूसँगै आबद्ध व्याकरण हो । नेपाली व्याकरणले नेपाली भाषालाई बुझ्न र व्याख्या गर्न सहयोग पुऱ्याउँछ साथै नेपाली भाषाको स्तरयुक्त मानक प्रयोग, शिष्ट, शुद्ध र सान्दर्भिक प्रयोग संरचनाहरूको सुझ र सीप सिकाइ भाषिक एकरूपता, स्थिरता र सम्प्रेष्यता हासिल गराउन मार्ग निर्देशन गर्छ । अतः नेपाली भाषाको उच्च स्तरीय क्षमता हासिल गराउन विद्यालय तहदेखि महाविद्यालय तहसम्म नेपाली व्याकरणको शिक्षण गर्ने गराउने प्रचलन छ । व्याकरण आफैँमा निरस एवम् सैद्धान्तिक विषय भएकाले यसको शिक्षणमा निकै ठूलो कठिनाइ हुनु स्वाभाविक नै हो तर त्यो भन्दा पनि अझ केही यस्ता समस्याहरू छन् जसले नेपाली व्याकरण शिक्षणलाई जीवन्त र

उद्देश्यमूलक बनाउनमा विभिन्न बाधा र व्यावधानहरू खडा गरेको देखिन्छ । ती समस्याहरूलाई सामान्य रूपमा तल उल्लिखित गरिएको छ :

क) पुरानो मानकप्रतिको झुकाव,

ख) अनुकृत ढाँचाको प्रयोग तथा वर्णनात्मक समग्रताको कमी,

ग) शैक्षणिक व्याकरणको अभाव,

घ) दृष्टिकोण तथा सुझको कमी,

ङ) अन्य विभिन्न समस्याहरू ।

**क) पुरानो मानकप्रतिको झुकाव**

भाषामा परिवर्तनशील गुण हुन्छ । भाषा व्याकरणबद्ध हुन्छ । भाषा र व्याकरणको अन्योन्याश्रित सम्बन्धलाई निरन्तर समयको गतिसँगै परिवर्तनको दिशातर्फ लैजानु आवश्यक हुन्छ तर हालसम्मको नेपाली व्याकरण शिक्षण वि.सं. १९६९ मा प्रकाशित पण्डित हेमराजको 'चन्द्रिका व्याकरण' ले निर्देश गरे अनुरूपको मानकमा नै आधारित रहेको छ । परिवर्तनले अग्रता प्रदान गर्नुको साटो एक दशक अघिको भाषा प्रयोगको मानकलाई पछ्याएर त्यही 'चन्द्रिका व्याकरण'लाई गुरुग्रन्थ मानेर लेखिएको 'मध्य चन्द्रिका' व्याकरण आजको पनि गुरु व्याकरण रहिरहेको छ । परिवर्तनको बाहक भाषा र व्याकरण एकसाथ चल्नु पर्ने तर समसामयिक रूपमा अमानक प्रयोगलाई गम्भीर समस्या मान्न सकिन्छ (शर्मा र पौडेल, २०६० : २२०) ।

**ख) अनुकृत ढाँचाको प्रयोग तथा वर्णनात्मक समग्रताको कमि**

कुनै पनि व्याकरणको निर्माण गरिँदा त्यस भाषाको व्याकरणगत विशेषताका आधारमा त्यसको गहिरो अध्ययन र विश्लेषण नगरी शास्त्रीय भाषाका व्याकरणका ढाँचामा व्याकरण लेखिने परम्पराले व्याकरण लेखन तथा शिक्षणका क्रममा धेरै जटिलता देखिन आएका छन् । यी समस्याहरूको समाधान गर्न नेपाली भाषाको प्रकृतिअनुसार वर्णनात्मक समग्रताको खोजी गरी वैज्ञानिक ढङ्गबाट नेपाली व्याकरणको तयारी गरिनु पर्दछ । संस्कृत र अङ्ग्रेजी भाषालाई आधार मानेर लेखिएको पुरानो गुरु व्याकरण उपयुक्त नहुने भएकाले नेपाली भाषाकै प्रकृति अनुरूपका व्याकरणको कमी भएकाले समस्या देखिएको छ (लामिछाने, २०५७ : ११९) ।

### ग) शैक्षणिक व्याकरणको अभाव

पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार पार्दा उपयोगमा ल्याइने स्रोत व्याकरणको अस्पष्टता र असुलभताका कारणले त्यसको दूरगामी परिणाम व्याकरण लेखन तथा शिक्षणमा समेत पर्न गएको छ । २०२८ सालअघि व्याकरणलाई अलग्गै विषयका रूपमा स्वीकारिएको थियो । २०२८ पछि भाषा पाठ्यपुस्तकहरूमा भाषातत्त्वका रूपमा व्याकरणलाई समावेश गरेर कक्षा ४ देखि नै व्याकरणका पाठ्यवस्तुहरू समावेश गरिएको देखिन्छ । तर यी व्याकरणात्मक विषयवस्तुहरूको न त सुनिश्चित सीमा र गहिराइको निर्धारण पाठ्यक्रममा न त पाठ्यपुस्तकहरूमा नै गरिएको पाइन्छ । हरेक कक्षामा उहि कुरा आवृति भइरहेको छ । कुन कक्षामा कुन कुन कुरा कति गहिराइका साथ कुन सीमासम्म के कति विषयवस्तुको छनोट र स्तरण के कसरी गर्दै लैजाने हो भन्ने बारेमा खासै नवीन र वैज्ञानिक दृष्टिकोण देखिएको छैन । यस्तो हुनुका पछाडि आधिकारिक शैक्षणिक व्याकरणको कमीलाई मान्न सकिन्छ । यो पनि व्याकरण लेखन तथा शिक्षणको चुनौतीपूर्ण समस्याका रूपमा रहेको छ (शर्मा र पौडेल, २०६० : २२१) ।

### घ) दृष्टिकोण तथा सुझको कमी

परम्परागत स्रोत व्याकरणहरू (गुरु व्याकरणहरू) समग्र व्याकरण तत्त्वहरूको चर्चा गर्नमा अर्थात् भाषावैज्ञानिक ज्ञान तथा प्रयोगमा अपऱ्याप्तता रहेको अवस्थामा वैयक्तिक झुकावका आधारमा व्याकरणात्मक तत्त्वहरूको निर्णय दिएर प्रयोग व्यावहारले व्याकरण लेखन तथा शिक्षण कार्य भएकाले यस क्षेत्रमा थप अन्योल सिर्जना भएको पाइन्छ (शर्मा र पौडेल, २०६० : २२२) ।

### ङ) अन्य विभिन्न समस्याहरू

व्याकरण लेखन र शिक्षण दुवै पक्षमा एउटा मात्र कारण प्रमुख नभएर विविध धेरै कारणहरू थपिँदै गएका छन् । व्याकरणको व्यवहारिक पक्षलाई भन्दा सैद्धान्तिक पक्षलाई बढ्ता जोड दिनु, व्याकरणलाई छुट्टै विषयका रूपमा लिइनु, शैक्षणिक व्याकरणको अभाव, देशव्यापी रूपमा एउटै समसामयिक मानक व्याकरणको अभाव आदि कारणले व्याकरण लेखनमा विकृति र समस्याहरू खडा भएका छन् ।

## २.५ नेपाली व्याकरण शिक्षणका प्रमुख विधिहरू

व्याकरण भाषासँग प्रत्यक्ष सम्बन्ध गाँसिएको विधा हो । व्याकरण शिक्षणको मुख्य उद्देश्य भाषिक सीप हासिल गराउनु हो । पतञ्जलीले एउटा जनश्रुति महाभाष्यमा उल्लेख गरेका छन् : "बृहस्पतिले इन्द्रलाई दिव्य एक हजार वर्ष (मानुष वर्ष ३६५ दिन) प्रतिपदमा भनिएका शब्दको परायण पढाए तर समाप्त भएन" । बृहस्पतिजस्ता गुरु, इन्द्र जस्ता शिष्य र एकहजार दिव्य वर्ष जस्तो लामो समयसम्म प्रतिपद पठन-पाठन हुँदा समेत सकिएन । त्यसैले प्रतिपदपाठ उपयुक्त शिषण विधि नभएकाले इन्द्रले वायुका सहायताबाट प्रकृति प्रत्यय (सर्ग) को कल्पना गरेका थिए । यसरी देवयुग (प्राग्वैदिक युग) देखि नै भाषिक चिन्तनको पूर्वीय परम्परा आरम्भ भएको बुझिन्छ र भाषालाई व्याकृत (विश्लेषित, अर्थपूर्ण खण्डमा टुक्रा पार्ने) गर्ने इन्द्र प्रथम वैयाकरण देखिन्छन् । इन्द्रको व्याकरण उपलब्ध छैन तथापि युधिष्ठिर मीमांसकले इन्द्रका सूत्र भनेर केही नमुनाहरू दिइएको पाइन्छ (न्यौपाने र अन्य, २०६७ : १) ।

माथिको भनाइको तात्पर्य व्याकरण जस्तो विषयमा जतिसुकै व्याकरणिक ज्ञान दिने भए तापनि यदि त्यसलाई राम्रोसँग प्रयोग गर्न जानिएन भने सार्थक नहुन सक्छ । त्यसैले व्याकरण शिक्षण गर्दा उपयुक्त विधिको चयन गर्नुपर्ने हुन्छ । व्याकरण शिक्षणका सम्बन्धमा प्रयोग गरिने प्रमुख विधिहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### २.५.१ निगमन विधि

निगम भनेको वेद हो । वेदबाट उत्पत्ति भएकाले यसलाई निगमन विधि भनिएको हो । निगम (ना. पुं.) नितरां गच्छन्ति अत्र (यहाँ खुब जान्छन्) निपूर्वक गम्ल गतौ (भ्वा.) धातु, नि+गम्+घ (निपातन) = निगम । निगमो वाणिने पुयाँ कटे पेदे वाणिक्यथे - इति मोदिनी अथवा निगमनम्, निगम्यते अत्रेति (यहाँ खूब गइन्छ ) नि+गम्+अप (अ) = निगम (बराल, २०६८ : ३८६) ।

निगमकल्पतरोर्गलितं फलं
शुकमुखाद मृतद्रवसंयुतम्
पिवत भागवतं रसमालयं
मुहुरहो रसिका भुवि भावका : ३ (श्री मद्भागवत्महापुराणम्, प्रथम : स्कन्ध अथ प्रथमोध्याय : १९) ।

नियमीकरण, उदाहरणीकरण, प्रयोग र अभ्यासका क्रममा निर्देशित व्याकरण शिक्षण विधि नै निगमन विधि हो । नियम, सूत्र वा सिद्धान्तमा गमन गर्ने वा हिँड्ने हुनाले नै यसलाई निगमन विधि भनिएको हो । भाषा शिक्षणको निगमनात्मक पद्धतिसँग निकटता राख्ने यो विधि व्याकरण शिक्षणको सबैभन्दा पुरानो विधि हो । यसले व्याकरणलाई भाषाबाट अलग्याएर औपचारिक रूपमा शिक्षण गर्ने प्रविधिमा जोड दिन्छ । यसले भाषा पाठ्यपुस्तकभन्दा छुट्टै पाठ्यपुस्तकका आधारमा व्याकरण शिक्षण गर्न निर्देशित गर्छ । यो शिक्षक केन्द्रित विधिका रूपमा चिनिन्छ । प्रयोग पक्षभन्दा सैद्धान्तिक पक्षमा बढी महत्त्व दिन्छ । यसले कण्ठस्थीकरण गर्ने प्रवृत्तिलाई जोड दिन्छ । यो वर्णनात्मक हुँदैन आदेशात्मक किसिमको हुन्छ । यो विधि सूत्र विधि, परिभाषा विधि तथा पाठ्यपुस्तक विधिका नामले चिनिन्छ । यो विधि तल्ला कक्षाहरूमा अनुपयुक्त र उच्च बौद्धिक क्षमता भएका उच्च शिक्षाका क्षेत्रमा उपयोगी हुन्छ । संस्कृत व्याकरण यसै विधि अनुसार शिक्षण गरिन्छ ।

## २.५.२ आगमन विधि

निगमन विधिको ठिक विपरित उदाहरणीकरण, स्पष्टीकरण, नियमीकरण, अभ्यास र आवृत्तिको क्रममा व्याकरण शिक्षण गर्ने आधुनिक तथा वैज्ञानिक विधि हो आगमन विधि । नियमतर्फबाट प्रस्तान (गमन) नगरी उदाहरणतर्फबाट नियमतिर पुग्ने (आगमन गर्ने) विधि भएकाले नै यसलाई आगमन विधि भनिएको हो । विद्यार्थीहरूले व्यावहार गर्ने भाषामै नियम र परिभाषाहरूको खोजी गर्ने र खोज्न प्रोत्साहन गर्ने यो विधि निकै रुचिपूर्ण र जिज्ञासामूलक पनि देखिन्छ । अनौपचारिक ढङ्गले विद्यार्थीलाई सक्रिय तुल्याएर उनीहरूकै सहभागितामा व्याकरण शिक्षण गर्ने अपेक्षा यस विधिले राखेको हुन्छ । प्रयोग र व्यावहारका रूपमा व्याकरण शिक्षण गर्न जोड दिन्छ । मनोवैज्ञानिक सिकाइका सिद्धान्तअनुरूप सरलबाट जटिल, ज्ञातबाट अज्ञात, मूर्तबाट अमूर्ततर्फ शिक्षण सूत्र अँगालेर व्याकरण शिक्षण गर्न यस विधिले जोड दिन्छ । यस विधिले सिर्जनात्मक एवम् उत्पादनात्मक सामर्थ्यलाई प्रोत्साहित गर्छ । यस विधिले सरल तरिकाले जटिल व्याकरणात्मक धारणाहरू स्थायी रूपले विद्यार्थीमा विकास गराउँछ । यसले विद्यार्थीका मनोवैज्ञानिक पक्ष, पूर्व भाषिक अनुभव, रुचि, आवश्यकता, स्तर आदि सबै कुरा अनुकूल हुने गरी प्रभावकारी एवम् उपयोगी व्याकरण शिक्षणमा जोड दिन्छ । यस विधिमा शिक्षकले बढी मेहनत र सचेतता अपनाउनु पर्छ (शर्मा र पौडेल, २०६० : २२८) ।

### २.५.३ भाषा संसर्ग वा प्रत्यक्ष भाषाविधि

यो विधि व्याकरण शिक्षणको आधुनिक विधि हो । भाषा संसर्ग विधि र प्रत्यक्ष विधिको संयुक्त मिश्रणबाट यो विधि तयार भएको देखिन्छ । यो विधि विशेषगरी प्राथमिक तह र दोस्रो भाषा सिक्ने विद्यार्थीका लागि व्याकरण शिक्षण गर्न उपयुक्त मानिन्छ । यसमा आगमन विधिका विशेषताहरू पाइन्छन् । यस विधिले भाषा र व्याकरणलाई अभिन्न ठान्छ । यसले भाषाको प्रत्यक्ष संसर्ग र प्रयोगका सन्दर्भबाट व्याकरणात्मक सचेतताको विकास हुने कुरामा विश्वास गर्छ । विद्यार्थीले सिकेको भाषालाई त्रुटिरहित बनाउनमा यो विधि बढी केन्द्रित रहन्छ । यसले प्रशस्त श्रव्य, दृश्य, श्रव्य-दृश्य सामग्रीहरूको प्रयोग गरेर अभिनयात्मक कार्यकलापहरू गरेर, विशेष किसिमको भाषिक प्रयोग गरेर विद्यार्थीलाई व्यापक भाषिक संसर्गमा ल्याउने कार्यकलापहरू अपनाउन जोड दिन्छ । यस्तै कार्यकलापहरू मार्फत् भाषाको प्रत्यक्ष प्रयोग अनुभव दिलाएर व्याकरणात्मक धारणा र सचेतनाको विकास गर्नमा व्याकरण शिक्षणलाई निर्देशित गर्छ । यस विधिको धारणाअनुसार विद्यार्थीहरूले जति स्तरीय र शुद्ध भाषाको वातावरण र प्रत्यक्ष संसर्ग पाउँछन् उति त्रुटिरहित व्याकरण सम्मत भाषा सिक्न सक्छन् । यसले नियन्त्रित वातावरणको अपेक्षा गर्दछ । विद्यार्थीहरूको शुद्ध भाषिक बानी निर्माण गर्नमा जोड दिन्छ । यसले सैद्धान्तिक नियम र परिभाषाको विरोध गर्छ ।

यो विधि प्राथमिक तह र दोस्रो भाषा सिक्नेका लागि उपयोगी हुन्छ । माध्यमिक र उच्च तहका लागि त्यति प्रभावकारी मानिँदैन ।

### २.५.४ भाषा पाठ्यपुस्तक विधि

भाषा पाठ्यपुस्तकबाटै पाठगत वा विधागत प्रयोग प्रसङ्गका आधारमा व्याकरण शिक्षण गर्ने विधिलाई भाषा पाठ्यपुस्तक विधि भनिन्छ । यसलाई आगमन र प्रत्यक्ष भाषा विधिको सम्मिश्रित विधिका रूपमा पनि चिनिन्छ । भाषा पाठ्यपुस्तकका पाठैपिच्छे अन्य अभ्यासका साथमा व्याकरणात्मक धारणा र अभ्याससमेत गराउने गरी व्याकरणका विषयवस्तु राखेर पाठगत प्रयोग एवम् उदाहरणका प्रसङ्गबाट व्याकरण सिकाउने तरिका यस विधिमा अपनाइन्छ । पाठभित्रैका प्रयोग प्रसङ्गका उदाहरणबाट प्रत्यक्षताको बोध हुने र तिनको आगमनात्मक ढङ्गले प्रयोग अभ्यास र नियमीकरण गर्न समेत मद्दत पुग्ने भएकाले वर्तमान परिवेशमा उच्च माध्यमिक तहसम्म यस विधिलाई प्राथमिकता दिन खोजिएको छ ।

यस विधिले 'व्याकरण भाषाभित्र छ र भाषा व्याकरणबद्ध छ' भन्ने दृष्टिकोण राख्छ । यस विधिको मुख्य मर्म विद्यार्थीलाई प्रत्यक्ष ढङ्गले व्याकरण सिकाउनु भन्दा सम्बन्धित भाषा पाठ्यपुस्तकबाटै सिकाउँदा प्रासङ्गिकता, रोचकता र प्रभावकारिताको समेत सिर्जना हुन्छ भन्ने हो । यस विधिले परम्परागत क्रमिकतामा व्याकरण सिकाउनतर्फ नभई पाठका मूल अंशमा भएका व्याकरणात्मक तत्त्वहरूका आधारमा व्याकरण सिकाउन जोड दिन्छ (शर्मा र पौडेल, २०६० : २२९-२३२) ।

## २.५.५ निष्कर्ष

नोम चम्स्कीका अनुसार, "व्याकरणिक वाक्य बुझ्न र प्रयोग गर्न सक्ने मातृभाषा भाषीको सहज ज्ञान नै भाषिक स्वरूप हो । भाषा सिमित उच्चारण अवयवहरूको समुच्चयबाट निर्मित निश्चित लम्बाइका सीमित असीमित वाक्यहरूको समुच्चय हो" (ढकाल, २०६६ : ३) ।

पतञ्जलिका अनुसार, "उच्चारण अवयवबाट निःसृत मानवीय अभिव्यक्ति नै भाषा हो (ऐजन ) ।

भाषा विचार विनिमयको सशक्त माध्यम हो । यसभित्र आ-आफ्नै व्यवस्था रहेको हुन्छ । जबसम्म कुनै पनि भाषाको व्यवस्थाको ज्ञान हासिल हुँदैन तबसम्म भाषाले पूर्णता प्राप्त गर्न सक्दैन । भाषाको आन्तरिक संरचना (ध्वनि, वर्ण, अक्षर, रूप, शब्द/पद, पदावली, वाक्यांश, वाक्य) मा अन्तर्निहित नियम र अपवादको वस्तुपरक अध्ययन, व्याख्या र विश्लेषणलाई व्याकरण भनिन्छ । भाषाको नियत र अनियत अवस्थालाई वर्णनात्मक व्याकरणले मात्र स्पष्ट गर्न सक्छ । प्रस्तावित व्याकरणले सम्बन्धित भाषाको व्यवस्था अर्को भाषाको व्यवस्थाभन्दा भिन्न हुने भएकाले भाषाको यथार्थ अवस्थालाई वर्णनात्मक व्याकरणले मात्र जनाउन सक्छ । व्याकरण लेखनको ढाँचा, पद्धति र प्रक्रियालाई व्याख्या - विश्लेषण गर्ने भाषाविज्ञानको एउटा प्रायोगिक शाखा व्याकरण विज्ञान हो । सम्बन्धित भाषाको व्याकरण लेखन गर्दा गराउँदा यो विज्ञानको प्रयोग उपयोग हुन्छ (ढकाल, २०६६ : ३०) ।

भाषामा वर्ण, रूप, वाक्य आदि जस्ता तत्त्व रहेका हुन्छन् । यही भाषाका अनिवार्य तत्त्वहरूका बीच अन्विति गराउने अति महत्त्वपूर्ण तत्त्व व्याकरण हो । परम्परावादी मान्यताअनुसार भाषालाई शुद्धशुद्ध लेख्न र बोल्न सिकाउने विधालाई व्याकरण भनिएको छ ।

वर्तमान विद्यालयका पाठ्यक्रम तथा पाठ्यपुस्तकमा व्याकरणलाई भाषाको अभिन्न तत्त्वको रूपमा स्वीकार गरी भाषा पाठ्यपुस्तकमा व्यावहारिक उदाहरणद्वारा भाषिक प्रयोगमा दक्षता हासिल गराउने विधाको रूपमा रहेको पाइन्छ ।

भाषा शिक्षणको मूल उद्देश्य भाषाका सीपहरूमा दक्षता अभिवृद्धि गर्नु हो । मातृभाषी र अन्य भाषीहरूलाई पनि भाषाका भाषिक संरचनाहरू पहिल्याई भाषाको शुद्ध प्रयोग गर्न सघाउ पुऱ्याउँछ । भाषिकाहरूको प्रभावले शुद्ध भाषा प्रयोगमा विचलन देखा पर्न सक्छ । भाषालाई कतिपय प्रसङ्गहरूमा औपचारिक तथा अनौपचारिक रूपमा प्रयोग गर्नुपर्ने हुन्छ । औपचारिक, मानक, शिष्ट भाषा प्रयोग गर्ने क्षमता व्याकरण शिक्षणबाट सम्भव हुन्छ ।

वर्तमान भाषा पाठ्यपुस्तकमा भाषा र व्याकरणलाई एकैसाथ (सँगसँगै) शिक्षण गर्न मिल्ने गरी राखिएका छन् । आधारभूत कक्षाहरूमा प्रयोग सचेतता, नि.मा.तहमा शुद्ध प्रयोग तथा सामान्य नियमतर्फ मा.वि.र उच्च मा.वि.तहमा नियम र प्रयोग तथा माथिल्ला तहहरूमा सूक्ष्म नियमतर्फ समेत विशिष्टिकृत गर्दै लगिएको पाइन्छ ।

सिद्धान्त पक्षबाट क्रमशः प्रयोगतर्फ उन्मुख विधिलाई निगमन विधि भनिन्छ । यस विधिमा पहिले परिभाषा, नियम र सूत्र बताइन्छ र त्यसै आधारमा प्रयोग पक्ष सिकाउने गरिन्छ । यस विधिमा शिक्षक सक्रिय र विद्यार्थी निष्कृय हुन्छन् । यो तल्ला कक्षामा अनुपयुक्त (अनुपयोगी) विधि मानिन्छ । अवैज्ञानिक तथा परम्परागत विधिका नामले चिनिने यो विधि आजसम्म पनि बहुप्रचलित विधिका रूपमा कायमै रहेको तथ्य पाइन्छ ।

उदाहरणबाट क्रमशः सिद्धान्ततर्फ उन्मुख विधिलाई आगमन विधि भनिन्छ । यस विधिमा विद्यार्थी सक्रिय र शिक्षक सहयोगीका रूपमा रहन्छन् । वर्तमान नि.मा., मा.वि., उ.मा.वि. तहका भाषा पाठ्यपुस्तकहरूमा यसै विधिको प्रयोग भएको पाइन्छ । यस विधिलाई आधुनिक, लोकप्रिय तथा वैज्ञानिक विधि भनिन्छ ।

व्याकरणलाई भाषा प्रयोगका माध्यमबाट सिकाउने विधिलाई भाषा संसर्ग वा प्रत्यक्ष विधि भनिन्छ । यसमा भाषाको प्रयोग दक्षतामा जोड दिइन्छ । पहिलो र दोस्रो भाषा सिकाइमा प्रत्यक्ष विधिको महत्त्व रहेको पाइन्छ । विद्यालय तहका आधारभूत तहमा यस विधिको बढी प्रयोग गरिन्छ ।

भाषा पाठ्यपुस्तकद्वारा व्यारकण सिकाउने विधिलाई भाषा पाठ्यपुस्तक विधि भनिन्छ । भाषा पाठ्यपुस्तकको अभ्यासभन्दा पछाडि राखी पाठमा प्रयोग भएका उदाहरणबाटै व्याकरण सिकाइन्छ ।

भाषा पाठ्यपुस्तकमा व्याकरण विधाको स्थान महत्त्वपूर्ण रहेको तथ्य पाइन्छ । भाषिक सीप हासिल गर्न व्याकरण तत्त्वलाई भाषासँगै आबद्ध गरेर मात्र सम्भव हुन्छ । जुन कुरा विद्यार्थीको रुचि, स्तर, क्षमता, पूर्वज्ञान तथा अनुभव, बालमनोविज्ञान आदि पक्षहरूलाई ख्याल गर्दै यी उपयुक्त विविध विधिहरूलाई अवलम्बन गर्दै व्याकरण शिक्षण गर्नु उपयुक्त र सान्दर्भिक देखिन्छ ।

# परिच्छेद - तीन

# वर्तमान पाठ्यक्रम र पाठ्यपुस्तकमा व्याकरणको स्थान

## ३.१ भाषा पाठ्यक्रमको परिचय

"शिक्षाको लक्ष्य हासिल गर्नका लागि बनाइएको शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भन्दछन्" - रा.शि.प.यो. २०२८ (ढकाल, २०६४ : ४) ।

ल्याटिन भाषाको Carrere शब्दबाट अङ्ग्रेजीमा Curriculum शब्द विकसित भयो । यसैको नेपाली रूप पाठ्यक्रम हो । Carrere को शाब्दिक अर्थ 'दौडको मैदान' हो । गन्तव्यसम्म पुग्ने धावन मार्गको रूपमा पनि पाठ्यक्रमलाई लिइन्छ । वास्तवमा पाठ्यक्रम शिक्षण तथा सिकाइका लागि बनाइएको व्यवस्थित, वैज्ञानिक, व्यावहारिक र विस्तृत योजना हो । यो बालकको चौतर्फी विकासका लागि बनाइएको क्रियाकलाप (उद्देश्य, पाठ्यवस्तु, सामग्री, शिक्षण विधि र मूल्याङ्कन समेतको योजना हो । जसले शैक्षिक कार्यकलापलाई नियन्त्रित र निर्देशित गरी शिक्षण र सिकाइलाई व्यवस्थित, सहज, स्वभाविक र क्रमबद्ध गर्दछ (ढकाल, २०६४ : ४) ।

भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) हरूको प्राप्तिको उद्देश्य राखी बनाइएको शैक्षिक योजनालाई भाषा पाठ्यक्रम भनिन्छ । भाषा पाठ्यक्रमले सिकारुको बोध र अभिव्यक्ति क्षमताको विकास गराउने उद्देश्य राखेको हुन्छ । यस्तो पाठ्यक्रमले सिकारुको बोध र अभिव्यक्ति क्षमता विकासका लागि गर्नुपर्ने सम्पूर्ण क्रियाकलापहरूलाई नियन्त्रण, निर्देशन र मार्गदर्शन प्रदान गर्दछ । यसैगरी भाषिक सीप प्राप्तिका लागि बनाइएको शैक्षिक उद्देश्य, शैक्षिक सामग्री, शिक्षण विधि र मूल्याङ्कनका तौरतरिकाका बारेमा पनि भाषा पाठ्यपुस्तकमा स्पष्ट निर्देशन दिइएको हुन्छ । यिनै निर्देशनले गर्दा नै भाषिक सीप प्राप्तिमा सहज हुने गर्दछ ।

अन्य विषयको पाठ्यक्रमबाट भाषा पाठ्यक्रमलाई छुट्याउने आधार भाषिक सीप नै हो । अन्य विषयको पाठ्यक्रमले विषयवस्तुको ज्ञान प्राप्तिलाई जोड दिएको हुन्छ तर भाषा पाठ्यक्रमले भाषिक सीप प्राप्तिलाई जोड दिएको हुन्छ (ढकाल, २०६४ : ५) ।

भाषाका सम्पूर्ण सीप प्राप्तिका लागि भाषा पाठ्यक्रमले विविध विधा र कार्यमूलक व्याकरणलाई समावेश गरेर लैजाने निर्देशन दिएको हुन्छ । भाषिक सीपहरू प्राप्तिका लागि

विधागत वितरण मात्र पर्याप्त नभएका कारण कार्यमूलक व्याकरणलाई पनि एकसाथ समायोजन गर्ने निर्देशन भाषा पाठ्यक्रमले दिएको छ ।

## ३.२ भाषा पाठ्यपुस्तकको परिचय

नेपाली बृहत् शब्दकोश (२०५२) का अनुसार, "विद्यालय एवम् महाविद्यालयहरूमा विद्यार्थीहरूलाई औपचारिक तवरले पढाउने पुस्तक नै पाठ्यपुस्तक हो (ढकाल, २०६४ : १०४) ।

प्रयोगात्मक नेपाली शब्दकोश (२०६१) का अनुसार, "पाठ्य विषयवस्तु सङ्कलन गरिएको पुस्तक तथा कक्षामा पढाउनु पर्ने पुस्तकलाई पाठ्यपुस्तक भनिन्छ (ऐजन) ।

भाषा पाठ्यपुस्तक खास तह र कक्षाका निमित्त पाठ्यक्रमका भाषिक अपेक्षाहरू परिपूर्ति गर्ने गरी विषय विशेषज्ञहरूद्वारा सङ्कलन, सम्पादन अथवा लेखन गरिएका हुन्छन् । उक्त पाठ्यवस्तुहरू छनोट र स्तरण गरी प्रस्तावित र अनुमोदित गरिएको महत्त्वपूर्ण शिक्षण तथा सिकाइ सामग्री हो । यो सरल, सहज, विश्वसनीय, रुचिपूर्ण र भरपर्दो साधन हो । भाषिक र भाषेतर विषयको संयोजन गरी पर्याप्त अभ्यास र आवृतिको अवसर दिई भाषिक सीप हासिल गराउने माध्यम वा साधन भाषा पाठ्यपुस्तक हो । यसले विद्यार्थी, शिक्षक, अभिभावक, निरीक्षक र प्रशासकको गन्तव्य तथा काम र कर्तव्यलाई निश्चित गर्दछ । राष्ट्र र व्यक्तिको समसामयिक आवश्यकता र भावी चुनौतीको सामना गर्दै राष्ट्रिय आवश्यकता परिपूर्ति गर्ने योग्य र सक्षम नागरिक तयार गर्ने महत्त्वपूर्ण कडीका रूपमा भाषा पाठ्यक्रमलाई लिन सकिन्छ (ऐजन) । भाषा पाठ्यपुस्तक पाठ्यक्रमको निर्देशन अनुसार तयार भएको महत्त्वपूर्ण साधन हो । यसमा भाषातत्त्वहरूको ज्ञान गराउने व्याकरण तत्त्व र अभ्यास खण्डहरू संयोजन गरी राखिएको हुन्छ । भाषा पाठ्यपुस्तकमा सिर्जनात्मक र मौलिक क्षमतालाई उजागर गर्ने उद्देश्य रहेको हुन्छ । विधाहरू आवृतिमूलक ढङ्गले राखिएको हुन्छ । भाषिक सरलता र सहजतालाई विशेष महत्त्व दिइएको हुन्छ तर पनि शुद्धता र स्तरगत जटिलतालाई पनि ख्याल गरिएको हुन्छ । भाषा पाठ्यपुस्तकमा साहित्यिक, साहित्येतर र भाषिक शुद्धताका लागि व्याकरणिक विषयवस्तुहरू सन्तुलित रूपमा संयोजन गरिएको हुन्छ । भाषा पाठ्यपुस्तक बाह्य र आन्तरिक दुबै रूपमा आकर्षित र प्रभावकारी हुनु आवश्यक हुन्छ ।

## ३.३ भाषा पाठ्यपुस्तकका रूपमा 'सबैको नेपाली' पाठ्यपुस्तकको प्रयोजन

उच्च माध्यमिक शिक्षा परिषद्अन्तर्गत कक्षा ११ र कक्षा १२ (विज्ञान विषय) को अनिवार्य नेपाली विषयको निर्धारित पाठ्यपुस्तक उच्च माध्यमिक शिक्षा ऐन, २०४६ द्वारा स्थापित २०६७ मा साझा प्रकाशनद्वारा प्रकाशित सामान्य पाठ्यपुस्तक हो । यस पाठ्यपुस्तकमा साहित्यका विविध विधा तथा व्याकरणिक विषयवस्तुका साथै समसामयिक लेख, रचनाहरू दृष्टांश सामग्री राखी शिक्षक तथा विद्यार्थी सबैलाई उपयोगी हुने विज्ञान प्रविधि लगायत विविध विषय क्षेत्रलाई समावेश गरिएको छ । यस पाठ्यपुस्तकले माध्यमिक शिक्षा र सो सरह परीक्षा उत्तीर्ण विद्यार्थीहरूको भाषागत पृष्ठभूमिलाई सबलीकरण गर्दै मध्यम स्तरीय जनशक्तिलाई आवश्यक हुने भाषिक सीप प्राप्त गरी व्यावहारिक प्रयोजन समेतका अपेक्षाहरू पूरा हुने उद्देश्य राखेको छ । 'सबैको नेपाली' पाठ्यपुस्तकको प्रयोजनहरू बुँदागत रूपमा निम्न छन् :

- माध्यमिक तहसम्म प्राप्त गरेका भाषिक उपलब्धिहरूलाई सबलीकरण गर्नु,
- माथिल्लो तहको भाषिक सीप प्राप्तिका लागि आधार तयार गर्नु,
- शिक्षकलाई योजनाबद्ध र व्यवस्थित ढङ्गले पाठकेन्द्रित शिक्षण गर्ने आधार तयार गर्नु,
- विद्यार्थीहरूलाई भाषा पाठ्यक्रमका उद्देश्य प्राप्तिका लागि पर्याप्त अभ्यासिक क्रियाकलापहरू सञ्चालन गर्न स्वअध्ययन गर्ने आधार तयार गर्नु,
- भाषा पाठ्यक्रमका उद्देश्य पूरा गर्न सहयोगी सामग्रीको आधार तयार गर्न,
- विविध साहित्यकार र तिनका कृतिसँग परिचित गराई स्वस्थ मनोरञ्जन प्रदान गर्न,
- नेपाली भाषामा विशिष्टीकरण गर्न चाहनेहरूका लागि थप सहयोग गर्न,
- विद्यार्थीहरूमा हुनुपर्ने न्यूनतम भाषिक ज्ञान, सीप र अभिवृत्ति विकसित गराउने ।

उच्च माध्यमिक भाषा पाठ्यपुस्तकमा समावेश गरिएका व्याकरणका एकाइहरूलाई पाठ्यक्रमसँग दाँजेर हेर्दा सन्तुलनका आधारहरू प्रशस्त देखिन्छन् । पाठ्यक्रम २०६७ ले निर्देश गरेका व्याकरणका एकाइहरू पाठ्यपुस्तकमा राखिएका छन् । यसैगरी छनोट भएका व्याकरणका क्षेत्रहरूलाई (एकाइहरूलाई) पाठ्यक्रमले निर्देश गरेअनुरूप नै स्तरण गरिएको पाइन्छ । अधिकांश व्याकरणका पाठशीर्षक समावेश गरिएका छन् । वर्तमान व्याकरणको अवधारणा अनुरूप भाषा संसर्ग विधि र भाषा पाठ्यपुस्तक विधिको प्रयोग अधिक रूपमा

गरेको छ । कक्षा ११ र १२ का विद्यार्थीहरूको उमेर, चाख, क्षमता, मनोवैज्ञानिक आदि जस्ता पक्षहरूलाई ख्याल राख्दै व्याकरणका पाठहरूलाई पुनरावृत्ति गरिएको पाइन्छ । व्याकरणात्मक पाठको प्रस्तुतिमा प्रशस्त मात्रामा प्रयोगात्मक तथा धारणात्मक सीप विकासमा पनि यसले ठूलो टेवा पुऱ्याएको प्रष्ट गर्दछ । व्याकरण खण्डको अध्ययनबाट सिर्जनात्मक लेखनलाई समेत जोड दिएकाले व्याकरणिक, सिर्जनात्मक तथा भाषिक सीपहरूलाई समेत एकैपटक सम्बोधन गर्नु यस पाठ्यपुस्तकको प्रशंसनीय पक्ष रहेको छ ।

वर्तमान पाठ्यपुस्तकले वर्णविन्यासका क्षेत्रमा नवीन प्रयोगलाई प्रश्रय दिएर नेपाली वर्णविन्यासका क्षेत्रमा अन्योल थप्ने काम गरेको तथ्य पाइन्छ । जुन यो पाठ्यपुस्तकको नकरात्मक पक्ष देखिन्छ ।

## ३.४ उच्च माध्यमिक भाषा पाठ्यपुस्तक (सबैको नेपाली) मा व्याकरण विधा प्रविष्टिको औचित्य

भाषा पाठ्यक्रमको उद्देश्य प्राप्तिको माध्यम भाषा पाठ्यपुस्तक हो । सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता भाषिक सीप प्राप्तिका विविध विधा तथा व्याकरण भाषा पाठ्यपुस्तकहरूमा समावेश गरिएका हुन्छन् । कक्षा ११ र १२ विद्यालय शिक्षाको उच्च तह तथा उच्च शिक्षाको आधारभूत तह वा पूर्वाधार हो । यस तहका सिकारुहरूको बोध तथा अभिव्यक्ति सीपलाई उच्च तहमा पुऱ्याउने तथा उच्च शिक्षाको भाषिक पूर्वाधार खडा गर्ने अपेक्षा राखिएको हुन्छ । यसका लागि विविध विधागत संयोजनमात्र पर्याप्त नहुने भएकाले व्याकरण विधालाई समेत सँगसँगै समायोजन गरेर राखिएको छ । यस तहका सिकारुहरू व्याकरणको शिक्षणबाट भाषाका नियम, व्यवस्था ठम्याउन र व्याकरणबद्ध भाषाको प्रयोग गर्न सक्षम भै सकेका हुन्छन् । तसर्थ व्याकरणको शिक्षणद्वारा सिकारुको बोध र अभिव्यक्ति क्षमताको विकास गराउन उच्च माध्यमिक तहमा व्याकरणलाई प्रविष्टि गराइएको हो । भाषा स्वयम् व्याकरणबद्ध भएकाले यी दुबैलाई अलग्याएर शिक्षण गर्नुको औचित्य रहँदैन । यस तहका सिकारुको भाषिक प्रयोग औपचारिक, मानक एवम् शिष्ट प्रकृतिको अपेक्षा गरिने हुँदा सो अपेक्षा पूरा गर्न उनीहरूलाई व्याकरणिक ज्ञानको आवश्यकता खट्किन्छ । खासगरी सिकारुको सिर्जनात्मक, तार्किक क्षमताको विकास गर्नका लागि भाषालाई अनुशासित र नियमबद्ध ढङ्गले प्रयोग गर्नु पर्दछ । भाषा प्रयोगको अभ्यासका लागि स्वतः व्याकरणिक ज्ञानको आवश्यकता पर्दछ । 'सबैको नेपाली' पाठ्यपुस्तकमा समावेश गरिएका साहित्यिक

विधाहरू भाषिक अपेक्षा एवम् समस्त भाषिक कार्यकलाप व्याकरणिक ज्ञानबिना अघि बढ्न नसक्ने भएकाले अन्य तहहरूमा जस्तै यस उच्च माध्यमिक तहमा पनि व्याकरणलाई समावेश गरिएको छ ।

## ३.५ 'सबैको नेपाली' भाषा पाठ्यपुस्तकमा समाविष्ट विधा र व्याकरणको प्रस्तुतिक्रम

'सबैको नेपाली' भाषा पाठ्यपुस्तकमा समाविष्ट विधा र व्याकरणको प्रस्तुतिक्रम निम्न अनुसार रहेका छन् :

| qm =;+ = | पाठ | व्याकरण |
|---|---|---|
| 1 | कविता : नेपालै नरहे<br>माधव घिमिरे | अ) नेपाली वर्ण (कथ्य र लेख्य) वर्णको पहिचान<br>क) स्वर ख) व्यञ्जन<br>उच्चार्य व्यञ्जन वर्णको वर्गीकरण (स्थान, प्रयत्न, घोषत्व र प्राणत्व) |
| 2 | कविता : छिमेकी<br>गुरुप्रसाद मैनाली | अ) नेपाली अक्षरको पहिचान<br>आ) नेपाली अक्षरका प्रकार<br>(स्व, स्वव्य, व्यस्व, व्यस्वव्य, व्यव्यस्व, व्यव्यस्वव्य, व्यव्यव्यस्व)<br>इ) शब्दलाई अक्षरमा विभाजन |
| 3 | निबन्ध :आइमाई साथी<br>श्यामप्रसाद शर्मा | अ) तत्सम र आगन्तुक शब्दको वर्णविन्यासका प्रमुख समस्या क्षेत्र र त्रुटिहरूको पहिचान तथा निराकरण<br>आ) शब्दवर्ग : नाम, सर्वनाम, विशेषण र क्रियाको पहिचान<br>इ) भाषिक त्रुटि निराकरणमा शब्दकोषको प्रयोग र अभ्यास |
| 4 | कथा : मधुमालतीको<br>कथा | अ) लेख्य चिह्न र तिनको प्रयोग : पूर्णविराम, अर्धविराम, अल्पविराम, कोष्ठ, विकल्पबोधक, प्रश्नविराम, उद्गार, |

| | | |
|---|---|---|
| | रमेश विकल | उद्धरण, विस्मयसूचक, निर्देशक र योजक चिह्नको पहिचान र प्रयोग<br>आ) शब्दवर्ग : नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादिबोधक र निपातको पहिचान |
| 5 | निबन्ध : भलाद्मी<br>लक्ष्मीप्रसाद देवकोटा | नेपाली शब्दको पहिचान, प्रकार र कार्य<br>अ) शब्दको पहिचान आ) शब्दको प्रकार<br>क) स्रोतको आधारमा (तत्सम, तद्भव, आगन्तुक, अनुकरणात्मक)<br>ख) संरचनाको आधार (मूल र व्युत्पन्न)<br>ग) रूपायनको आधार (विकारी र अविकारी) |
| 6 | कविता : हर्कबहादुर<br>दिनेश अधिकारी | क) उपसर्गद्वारा शब्द निर्माण<br>अ) अ, अन, कु, बि, बे, बद, गैर, ना,<br>आ) अ, अनु, अधि, अभि, अति, अव, अप, आ, उत्, दु, दुर्,दुस, नि, निः, निस्, परा, परि, प्र, प्रति, वि, सम्, सु<br>ख) द्वित्व प्रक्रियाद्वारा शब्द निर्माण (पूर्ण, आंशिक र आपरिवर्तित द्वित्व शब्द निर्माण) |
| 7 | उपन्यास : एक चिहान<br>हृदयचन्द्रसिंह प्रधान | क) प्रत्ययद्वारा शब्द निर्माण :<br>अ) अक्कड, उत, अन्त, आइँ/याइँ, आउ, आली, आलु, आवट, आहा/याहा, इया<br>आ) यार, इलो, ई, उवा, ए, एली, ओ, ओट, औली/यौली, ती, पन/पना, ली, ले<br>इ) अक, अन, अनीय, इक, इत, ई, ईन/ईण, ईय, क, तर, तम, तव्य, ता, ति, त्व, मय, मान, वान, य<br>ख) समास : अव्यीभाव, तत्पुरुष, कर्मधारय, द्विगु (विग्रह र समास) (उपन्यासको अंशबाट प्रत्यय लागेका व्युत्पन्न शब्दको खोजी गरी थप शब्द निर्माण तथा निर्धारित अंश र अनुच्छेदबाट समस्त शब्दको खोजी) |
| 8 | निबन्ध : म फुल लिएर आउनेछु<br>सुधा त्रिपाठी | क) समास प्रक्रियाबाट शब्द निर्माण (द्वन्द्व र बहुब्रीहि समास)<br>ख) सन्धि र सन्धि भएका शब्दको पहिचान<br>ग) वाक्यको पहिचान र प्रयोग |

| | | |
|---|---|---|
| | | – उद्देश्य र उद्देश्य विस्तार<br>– विधेय र विधेय विस्तार<br>– क्रियाका काल (भूत अभूत)<br>– पक्ष : सामान्य, अपूर्ण, पूर्ण, अज्ञात, अभ्यस्त<br>– क्रियाका भाव : सामान्य, आज्ञा, इच्छा, सम्भावना र सङ्केत |
| 9 | कविता : मानुषी<br>पारिजात | पदक्रम<br>क) सामान्य पदक्रम<br>ख) विशिष्ट पदक्रम (कविताका पङ्क्तिबाट सामान्य र विशिष्ट पदक्रमको अध्ययन) |
| 10 | कथाःरातभरि हुरी चल्यो<br>इन्द्रबहादुर राई | क) कारक र विभक्ति<br>अ) सरल र तिर्यक् कारक<br>आ) कारक : कर्ता, कर्म, करण, सम्प्रदान, अपादान, अधिकरण<br>ख) कारकीय अर्थ, विभक्तिको प्रयोग र पहिचान<br>ग) ले, लाई, बाट, द्वारा, को, का, की, रो, रा, री तथा नो, ना, नी, मा को प्रयोग |
| 11 | कविता : मेरो देश<br>भूपी शेरचन | क) तद्भव र तत्सम शब्दको वर्ण विन्यास<br>ख) निर्धारित अनुच्छेदबाट तत्सम र तद्भव शब्दहरूको पहिचान |
| 12 | निबन्ध : आलु<br>भैरव अर्याल | क) पदसङ्गति<br>अ) लिङ्ग (पुलिङ्ग, स्त्री लिङ्ग)<br>आ) वचन (एकवचन, बहुवचन)<br>इ) पुरुष (प्रथम, द्वितीय, तृतीय)<br>ई) आदर (आदर, अनादर)<br>ख) शब्द भण्डार(प्राविधिक, पारिभाषिक शब्दको अध्ययन) |
| 13 | कथा : शत्रु<br>विश्वेश्वरप्रसाद कोइराला | क) सरल, संयुक्त र मिश्र वाक्यको पहिचान र प्रयोग<br>ख) निर्धारित कथाबाट सरल, मिश्र र संयुक्त वाक्यको |

| | | |
|---|---|---|
| | | पहिचान |
| 14 | उपन्यास : एक चिहान<br>हृदयचन्द्रसिंह प्रधान | वाक्यान्तरण<br>क) संरचनागत (सरल, मिश्र, संयुक्त)<br>ख) वाच्यगत (कर्तृ, कर्म, भाव)<br>ग) कथन (प्रत्यक्ष, अप्रत्यक्ष)<br>घ) ध्रुवीयता (करण अकरण)<br>ङ) वाक्य संश्लेषण |
| 15 | कथा : हारजित<br>भवानी भिक्षु | वाक्य संश्लेषण (सरल वाक्यहरूलाई मिश्र र संयुक्त वाक्यमा संस्लेषण) |
| 16 | निबन्ध : खाद्य सङ्कट र जैविक विविधता<br>डा. तीर्थबहादुर श्रेष्ठ | शब्द भण्डार (प्राविधिक तथा पारिभाषिक शब्द) |
| 17 | एकाङ्की : नालापानीमा<br>बालकृष्ण सम | – क्रियाका भाव<br>– उक्ति परिवर्तन<br>– वर्ण र अक्षर |
| 18 | कविता : कान्छी, भट्टी र देश<br>कृष्णसेन 'इच्छुक' | क्रियाका काल र पक्ष |
| 19 | नाटक : बौलाहा काजीको सपना<br>विजय मल्ल | वाक्यका प्रकार र वाक्यान्तरण |

## ३.६ तल्ला र माथिल्ला तहसँगको व्याकरणात्मक सम्बन्ध

उच्च माध्यमिक शिक्षाअन्तर्गत 'सबैको नेपाली' भाषा पाठ्यपुस्तकमा पाठ्यक्रम-अन्तर्गत व्याकरणका विषयवस्तुहरू तल्ला र माथिल्ला तहसँग उपयुक्त तालमेल देखिन्छन् । माध्यमिक तहमा राखिएका अधिकांश व्याकरणका विषयवस्तुहरू सबैको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका छन् । नाम, सर्वनाम, विशेषण, क्रिया (विकारी तथा अविकारी शब्द वर्गहरू) विभक्ति, कारक (सरल, तिर्यक), पदयोग र पदवियोग, विस्मयादिबोधक, सरल, संयुक्त क्रिया, वर्णविन्यास आदिजस्ता व्याकरणिक विषयवस्तुहरू

निम्न माध्यमिक, माध्यमिक तहदेखि नै पढ्दै आएका हुन् । सबैको नेपाली भाषा पाठ्यपुस्तकमा यी व्याकरणिक पाठ्यवस्तुका साथसाथै वर्ण, अक्षर, पदक्रम जस्ता नयाँ व्याकरणिक पाठ्यवस्तुहरू थप गरिएको छ । माथिल्लो तहसँगको नयाँ व्याकरणिक पाठ्यवस्तुहरू थप गरिएको छ । माथिल्लो तहसँगको स्तरलाई हेर्दा स्नातक तथा स्नातकोत्तर तहमा यिनै विषयवस्तुहरूलाई स्तरअनुरूप व्यापक र विस्तृत रूपमा छनोट र स्तरण गरी विशिष्टिकृत गरिएको छ ।

निष्कर्षमा भन्नुपर्दा सबैको नेपाली भाषा पाठ्यपुस्तकमा समावेश भएका व्याकरणिक एकाइ (पाठ्यवस्तु) हरू तल्लो र माथिल्लो तहसँगको तालमेल वा सम्बन्ध उपयुक्त देखिन्छ ।

## ३.७ सारांश

भाषिक सीपहरू प्राप्तिको उद्देश्य राखी बनाइएको शैक्षिक योजनालाई भाषा पाठ्यक्रम भनिन्छ । भाषा पाठ्यक्रमले सिकारुको बोध र अभिव्यक्तिको विकासका निम्ति गर्नुपर्ने सम्पूर्ण क्रियाकलापलाई मार्गदर्शन, नियन्त्रण र निर्देशन गर्छ । भाषा पाठ्यक्रममा पनि विद्यार्थीमा ल्याउन खोजिएको परिवर्तनको उद्देश्य प्राप्त गर्ने माध्यम/साधन (पाठ्यवस्तु) र तिनीहरूको प्रस्तुतिक्रम, उद्देश्य प्राप्त गर्न उपयोगमा ल्याउन सकिने साधनहरू, शिक्षण विधि र अपेक्षा पूरा भए नभएको वस्तुपरक रूपले लेखाजोखा गर्ने उपाय (मूल्याङ्कन) समेतलाई स्पष्ट रूपमा सुझाएको हुन्छ (ढकाल, २०६४ : ५) ।

पाठ्यक्रम निर्माण अघि कुन तहका लागि कुन उद्देश्य प्राप्त गर्न कुन कुन विषयवस्तु के कसरी छनोट र स्तरण गर्ने निश्चित भएपछि पाठ्यक्रम निर्माण हुन्छ । उच्च माध्यमक तहमा विद्यालयमा सिकेका प्रयोगात्मक व्याकरणिक अवधारणालाई मजबुत बनाउँदै सैद्धान्तिक तथा प्रयोगात्मक विधिका अलावा निगमन विधिद्वारा व्याकरणका नियमहरू समेत यस तहमा प्रस्तुत गर्नु उपयुक्त हुन्छ । यसका साथसाथै व्याकरणका विषयवस्तुहरूलाई सिकारुको रुचि, स्तर, क्षमता, पूर्वअनुभव, बालमनोविज्ञानलाई समेत सम्बोधन गर्ने गरी छनोट र स्तरणमा ध्यान पुऱ्याएर सरलदेखि जटिलको क्रममा स्तरण गरी पुनरावृत्ति गरिनु उपयुक्त हुन्छ ।

उच्च माध्यमिक शिक्षाअन्तर्गत सबैको नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका व्याकरणका विषयवस्तु भाषा पाठ्यक्रमसँग तालमेल भएका छन् । वर्णविन्यासका

सन्दर्भमा भाषाशास्त्री/भाषाविद्हरूका बीचमै प्रशस्त मतमतान्तरहरू रहेका अवस्थामा नयाँ प्रयोगलाई अनुशरण गर्नु विद्यार्थीहरूलाई थप अन्योलमा पुऱ्याउनु हो । विषयवस्तुको गम्भीरतालाई दृष्टिगत गरेर व्याकरणिक एकाइहरूलाई (व्याकरणिक पाठ्यवस्तुहरूलाई) पुनरावृत्ति गरी स्तरण गरिनु सबैको नेपाली भाषा पाठ्यपुस्तकको सबल र सकारात्मक पक्ष हो । यति हुँदाहुँदै पनि विद्यार्थको उमेर र आवश्यकतालाई ख्याल गर्दै शुद्धता र स्तरगत जटिलतालाई पनि ख्याल गरिनु आवश्यक हुन्छ । विषयवस्तुको गम्भीरतालाई ध्यान दिएर प्रशस्त उदाहरण तथा प्रयोग र क्रियाकलापहरूलाई समाविष्ट गर्नु आवश्यक देखिन्छ ।

# अध्याय - चार

# 'सबैको नेपाली' पाठ्यपुस्तकमा समाविष्ट व्याकरण खण्डको अध्ययन

## ४.१ 'सबैको नेपाली' भाषापाठ्यपुस्तकमा व्याकरण विधाको प्रस्तुति

'सबैको नेपाली' (कक्षा ११ र १२) भाषापाठ्यपुस्तकमा व्याकरण विधाको प्रस्तुतिक्रम निम्न अनुसार छ :

| qm =;+ = | पाठ सं. | विधा | पाठ शीर्षक | व्याकरण |
|---|---|---|---|---|
| 1 | एक | कविता | नेपालै नरहे | वर्ण |
| 2 | दुई | कथा | छिमेकी | नेपाली अक्षरको पहिचान |
| 3 | तीन | निबन्ध | आइमाई साथी | नाम, सर्वनाम, विशेषण, क्रियापद |
| 4 | चार | कथा | मधुमालतीको कथा | क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक, निपात, पदवर्ग, विचलन, लेख्यचिह्न |
| 5 | पाँच | निबन्ध | भलाद्मी | शब्दको पहिचान, शब्दका प्रकार, रूपायन |
| 6 | छ | कविता | हर्कबहादुर | शब्दको बनोट |
| 7 | सात | उपन्यास | एकचिहान (१ देखि १६ परिच्छेदसम्म) | प्रत्ययद्वारा शब्द निर्माण, समास |
| 8 | आठ | निबन्ध | म फुल लिएर आउनेछु | समास प्रक्रियाद्वारा शब्द निर्माण, सन्धि र सन्धि भएका शब्दको पहिचान, वाक्यको पहिचान र प्रयोग, क्रियाका काल, क्रियाका पक्ष |
| 9 | नौ | कविता | मानुषी | सामान्य र विशिष्ट (आलङ्कारिक) पदक्रम |
| 10 | दश | कथा | रातभरी हुरी चल्यो | कारक र विभक्ति |
| 11 | एघार | कविता | मेरो देश | वर्णविन्यास |

| | | | | |
|---|---|---|---|---|
| 12 | बाह्र | निबन्ध | आलु | पदसङ्गति, शब्द भण्डार |
| 13 | तेह्र | कथा | शत्रु | सरल, संयुक्त र मिश्र वाक्यको पहिचान र प्रयोग, शब्दभण्डार |
| 14 | चौध | उपन्यास | एक चिहान (१७ देखि ३१ परिच्छेदसम्म) | संरचनात्मक वाक्यान्तरण, वाच्यगत वाक्यान्तरण, कथन परिवर्तन, करण अकरण, वाक्य संश्लेषण |
| 15 | पन्ध्र | कथा | हारजित | वाक्य संश्लेषण |
| 16 | सोह्र | लेख (निबन्ध) | खाद्य सङ्कट र जैविक विविधता | शब्द भण्डार |
| 17 | सत्र | एकाङ्की | नालापानीमा | क्रियाका भाव, उक्ति परिवर्तन, वर्ण र अक्षरको पुनरावृत्ति |
| 18 | अठार | कविता | कान्छी, भट्टी र देश | क्रियाका काल र पक्ष |
| 19 | उन्नाइस | नाटक | बौलाहा काजीको सपना | वाक्यान्तरण |

## ४.२ व्याकरणात्मक विषयवस्तुको प्रस्तुति ढाँचा

उच्च माध्यमिक तहअन्तर्गत 'सबैको नेपाली' (कक्षा ११ र १२) भाषा पाठ्यपुस्तकमा व्याकरण विधालाई साहित्यका विविध विधाको पछाडिपट्टि अभ्यास खण्ड र त्यसको पछाडि व्याकरण खण्ड राखिएको छ । व्याकरणात्मक पाठ्यवस्तुहरूलाई कतै एउटा साहित्यिक पाठमा त कतै विविध उपशीर्षकहरूमा खण्ड खण्ड गरी राखिएको छ ।

### ४.२.१ वर्ण

उच्चारणमा सबभन्दा तल्लो विभेदक (अर्थगत भिन्नता दर्साउन सक्ने) ध्वनिलाई वर्ण भनिन्छ (अधिकारी, २०६३ : १) । वर्ण भाषाको सबैभन्दा सानो अर्थभेदक ध्वनि प्रतीक हो । विद्यालय तह पूरा गरेका १७/१८ वर्ष उमेर समूहका विद्यार्थीहरूलाई विद्यालय तहमा समावेश नगरिएको पाठ्यवस्तु वर्णको विषयमा सामान्य जानकारी गराउने उद्देश्यले पहिलो पाठ नेपालै नरहे कविता शीर्षकको व्याकरण खण्डमा विन्यास गरिएको छ ।

वर्णका प्रकारअन्तर्गत स्वर वर्ण र व्यञ्जन वर्णको विषयमा उदाहरणसहित स्वर वर्ण ६ वटा र उच्चार्य व्यञ्जन वर्ण २९ गरी जम्मा ३५ छन् । लेख्य स्वर वर्ण १३ वटा र लेख्य व्यञ्जन वर्ण ३६ वटा छन् भनेर जानकारी गराइएको पाइन्छ ।

**व्यञ्जन वर्णको वर्गीकरण :**

क) उच्चारण स्थानका आधारमा

ख) उच्चारण प्रयत्नका आधारमा

ग) घोषत्त्वका आधारमा र

घ) प्राणत्त्वका आधारमा

उदाहरणद्वारा विद्यार्थीलाई प्रयोग विधिका माध्यमबाट सिकाउने गरी स्तरण गरिएको छ । यो यस पाठ्यपुस्तकको सकारात्मक पक्ष हो ।

**क) उच्चारण स्थानका आधारमा :**

ओष्ठ्य : प्, फ्, ब्, भ्, म्, व्

दन्त्य : त्, थ्, द्, ध्,

वत्सर्य/दन्तमूलीय : च्, छ्, ज्, झ्, ट्, ठ्, ड्, ढ्, ब्, र्, ल्, स्

तालव्य : य्,

कण्ठ्य : क्, ख्, ग्, घ्, ङ्

अतिकण्ठ्य : ह्　　　　　　　　जम्मा : २९

**ख) उच्चारण प्रयत्नका आधारमा**

स्पर्शी : क्, ख्, ग्, घ्, ट्, ठ्, ड्, ढ्, त्, थ्, द्, ध्, प्, फ्, ब्, भ्,

स्पर्श सङ्घर्षी : च्, छ्, ज्, झ्

सङ्घर्षी : स्, ह्

नासिक्य : ङ्, न्, म्

कम्पित : र्

पार्श्विक : ल्

अर्धस्वर : य्, व्                                        जम्मा : २९

**ग) घोषत्वका आधारमा**

अघोष : क्, ख्, - च्, छ्, - ट्, ठ्, - त्, थ्, - प्, फ्, - स्

सघोष : ग्, घ्, ङ् - ज्, झ् - ड्, ढ्, - द्, ध्, न्, - ब्, भ्, म् - य्, र्, ल्, व्, ह्

सधोष र अघोष चिन्ने सूत्र : १, २ स - अघोष

३, ४, ५, य्, र् ल्, व्, ह् सघोष ।

**घ) प्राणत्वका आधारमा**

अल्पप्राण : क्, ग्, ङ्, - च्, ज्, - ट्, ड् - त्, द्, न् - प्, ब्, म्, - य्, र्, ल्, व्,

महाप्राण : ख्, घ्, - छ्, झ्, - ठ्, ढ्, - थ्, ध्, - फ्, भ्,- स्, ह्

अल्पप्राण र महाप्राण चिन्ने सूत्र : १, ३, ५, य्, र्, ल्, व् अल्पप्राण

२, ४, स्, ह्, महाप्राण (ज्ञवाली र अन्य, २०६७ : ४, ५, ६, ७) ।

वर्णलाई पाठ्यपुस्तको व्याकरण खण्डमा समावेश गर्दा वर्णहरूलाई तालिकामा प्रस्तुत गरी प्रथम, द्वितीय, तृतीय, चतुर्थ र पञ्चम वर्ण भनी तालिकामा देखाएर राखिएका खण्डमा धारणा सरल तरिकाबाट दिगो हुने अपेक्षा गर्न सकिन्छ ।

वर्ण माध्यमिक तहको पाठ्यक्रम तथा पाठ्यपुस्तकमा समाविष्ट नभएको नवीन विषयवस्तु भएकाले यो तहमा सरल तथा गहन ढङ्गबाट विन्यास गरिनु आवश्यक देखिन्छ । पाठ्यपुस्तकमा वर्णलाई सामान्य तथा सङ्क्षिप्त ढङ्गबाट विन्यास गरिएको छ ।

## ४.२.२ नेपाली अक्षरको पहिचान

उच्चारणमा वर्णभन्दा माथिल्लो एकाइ अक्षर हो । यो एक वा एकभन्दा बढी वर्ण मिलेर बनेको हुन्छ । स्वर वर्णले मात्र पनि अक्षरको काम गर्न सक्छ तर व्यञ्जन वर्णले मात्र

त्यस्तो काम गर्न सक्तैन । त्यसैले स्वरलाई आक्षरिक र व्यञ्जनलाई अनाक्षरिक वर्ण भनिन्छ (अधिकारी, २०६३ : १४) ।

सात पङ्क्तिको सानो अनुच्छेदका माध्यमबाट अक्षर भनेको के हो ? शब्दमा कतिवटा अक्षर हुन्छन् ? यसलाई के कसरी पत्ता लगाउन चिन्न सकिन्छ ? उदाहरण दिएर कति पटकमा उच्चारण गर्न सकिन्छ भन्ने कुराको सामान्य जानकारी दिइएको छ । भाषा पाठ्यपुस्तक विधिको प्रयोग गरेर अभ्यासमुखी, खोजमूलक विधिका माध्यमबाट विद्यार्थीलाई अनुसन्धानमूलक ढङ्गबाट शब्दहरू कति पटकमा उच्चारण हुन्छन् र अक्षर सङ्ख्या पत्ता लगाई बेग्लाबेग्लै सूची बनाउन निर्देश गरिएको छ । क्रियाकलापमुखी ढङ्गबाट उच्चारण गर्न सिकाइएको छ । उच्चारण अनुसार लेख्न निर्देशन दिएर क्रियाकलापमुखी शिक्षणमा जोड दिएको छ । यो यस पाठ्यपुस्तकको सकारात्मक पक्ष हो ।

संयुक्त व्यञ्जनको द्वित्व उच्चारण गर्न निर्देशन दिएको छ । विभिन्न शब्दका माध्यमबाट उच्चारणलाई थप महत्त्व दिएर पाठ्यवस्तुलाई उच्चारण सीपको विकासबाटै अक्षरको संरचना, बनोटको पहिचान गर्न सकिने प्रकृतिको भएकाले यो पाठ्यवस्तुमा पर्याप्त मात्रामा उदाहरण तथा प्रयोग गराएर विद्यार्थीमा नेपाली अक्षरको पहिचानमा दक्षता हासिल गराउनु सकारात्मक प्रयास देखिन्छ । यो पाठ्यवस्तु पाठ्यक्रमको उद्देश्य अनुरूप देखिन्छ । यो यसको सबल पक्ष हो ।

## ४.२.३ पदवर्ग (नाम, सर्वनाम, विशेषण, क्रियापद) र वर्णविन्यास

पाठ्यक्रमले (अ) मा "तत्सम र आगन्तुक शब्दको वर्ण विन्यासका प्रमुख समस्या क्षेत्र र त्रुटिहरूको पहिचान तथा निराकरण" उल्लेख गरेको छ । तर पाठ्यपुस्तकको व्याकरण खण्डमा (आ) मा उल्लेख गरेको शब्दवर्ग (नाम, सर्वनाम, विशेषण र क्रियाको पहिचान) उल्लेख गरेकामा यो व्याकरण खण्डमा (आ) लाई पहिला स्तरण गरेको पाइन्छ । (इ) मा "भाषिक त्रुटि निराकरणमा शब्दकोशको प्रयोग र अभ्यास" राखिएकामा उक्त पाठ्यवस्तु यहाँ समावेश नगरी 'वर्ण विन्यास' पाठ्यवस्तु (अ) अन्तर्गत पदवर्गको सँगसँगै विन्यास गरिएको पाइन्छ ।

### ४.२.३.१ नाम

कुनै व्यक्ति, वस्तु, ठाउँ, पदार्थ, समूह, भाव आदि बुझाउने शब्दलाई नाम भनिन्छ । नामलाई संज्ञा पनि भनिन्छ (भट्टराई र अन्य, २०६७ : ४०) । कुनै प्राणी, वस्तु, पदार्थ, ठाउँ आदिलाई बुझाउने र वाक्यमा कर्ता, कर्म, पुरक आदिको कार्य गर्ने शब्द नाम हो ।

नामको प्रस्तुति यसप्रकार गरिएको छ :

३७ वटा विभिन्न नामका प्रकारहरूलाई रेखाङ्कन गरी सात पङ्क्तिको एउटा सानो अनुच्छेद दिइएको छ । अनुच्छेदको तल नामका प्रकारहरू व्यक्तिवाचक, जातिवाचक, समूहवाचक, द्रव्यवाचक, भाववाचकलाई रेखाङ्कित गरी शब्दहरू पहिचान गरी सूचीकृत गरेर राखिएको छ । यहाँ, परम्परागत व्याकरण परिपाटीको अनुशरण भएता पनि शिक्षण प्रक्रिया आगमनात्मक रहेको देखिन्छ । सरल र सङ्क्षिप्त ढङ्गले नामलाई चिनाउनु यसको सकारात्मक पक्ष रहेको छ ।

कक्षा ११ र १२ का विद्यार्थीको स्तरलाई ध्यान दिएर यो पाठ्यवस्तुलाई मझौला आकारको बनाई क्रियाकलापयुक्त ढङ्गबाट अभ्यासात्मक, पहिचानात्मक तथा प्रयोगात्मक बनाई विन्यास गर्दा पाठ्यक्रमको अपेक्षा पूरा हुने देखिन्छ । नामका प्रकारहरूलाई प्रयोगात्मक तथा सिर्जनशीलताको विकास हुने गरी उदाहरणहरूको प्रयोग पक्ष देखाउँदा विद्यार्थीहरूमा पहिचानात्मक धारणाको विकास अझ दिगो हुने अपेक्षा गर्न सकिन्छ ।

### ४.२.३.२ सर्वनाम

सर्वनामलाई आधारभूत रूपमा नामको सट्टामा प्रयोग हुने शब्द भनिन्छ । यो वाक्यमा आउँदा नामपद, पदावली र वाक्यकै सट्टामा पनि प्रयोग हुन्छ (ज्ञवाली र अन्य, २०६७ : ४८) ।

सर्वनामको प्रस्तुति यसप्रकार गरिएको छ :

पाँच पङ्क्तिको अनुच्छेदमा विभिन्न प्रकारका सर्वनामहरूलाई प्रस्तुत गरेको छ । अनुच्छेदको मुनिपट्टि म, तँ, यी, ती, आफू, जो, जुन, जुनजुन, को, के, केही जस्ता २२ वटा विभिन्न प्रकारका सर्वनाम पदहरू राखिएको छ ।

अनुच्छेदको तलपट्टि २२ वटा सर्वनामहरू क्रमैसँग राखेर यी शब्दले नामको सट्टामा आएर कार्य गरेको देखाइएको छ । यी सर्वनाम शब्द हुन् भनेर पाठ्यवस्तुलाई अति सङ्क्षिप्त

रूपमा दिइएको छ । आगमनात्मक विधि अनुरूप सिक्षण सिकाइ गर्न सक्ने गरी सङ्केतका रूपमा मात्र सर्वनामको प्रस्तुति रहेको पाइन्छ । यसबाट विद्यार्थीहरूले पूर्ण रूपमा सर्वनाम शब्दलाई चिन्न सक्षम नहुने देखिन्छ । त्यसैले सर्वनाम पाठ्यवस्तुलाई उदाहरण तथा प्रयोग थप गरेर सुधार गर्नुपर्ने आवश्यक देखिन्छ ।

यो पाठ्यवस्तुमा सर्वनामका प्रकारहरूलाई उदाहरण सहित प्रस्तुत गरी पाठ्यपुस्तकले सर्वनामको पूर्ण पहिचान गराउनु आवश्यक छ । यहाँ सर्वनामका प्रकारहरूलाई उल्लेख गरी नामकरण तथा प्रयोग पक्ष स्पष्ट पार्नु स्तरअनुरूप देखिन्छ । सर्वनामलाई नामका सट्टामा मात्र प्रयोग हुने पदका रूपमा परिभाषिक गरिएको छ । जुन परिभाषा प्रायोगिक आधारमा अपूर्ण देखिन्छ । सर्वनाम नामका सट्टामा मात्र प्रयोग नभई पदावली र वाक्यकै सट्टामा समेत प्रयोग हुन्छ ।

## ४.२.३.३ विशेषण

विशेषणले नाम वा सर्वनामको वर्णन गर्छ । यसले नामको अर्थलाई स्पष्ट पार्ने, सीमित गर्ने, विस्तारित वा विशेषित गर्ने कार्य गर्छ (अधिकारी, २०६३ : ९१) ।

विशेषणको प्रस्तुति यसप्रकार गरिएको छ :

विशेषण पदहरूको प्रयोग गरी आठ पङ्क्तिको एउटा सानो अनुच्छेद दिइएको छ । त्यस अनुच्छेदमा प्रयोग भएका विशेषण शब्दहरू छनोट गरी अभ्यासात्मक ढङ्गले तल राखिएको छ ।

प्रश्न नं. मा माथिको अनुच्छेदमा आएका तलका शब्दहरूले नामको विशेषता जनाएका छन् भनी निर्देशनात्मक ढङ्गबाटै खुलासा गरिएको छ । अन्त्यमा विशेषणको परिभाषा दिइएको छ । यस पाठ्यवस्तुमा आगमनात्मक विधिको प्रयोग भएको छ । यो यसको सकारात्मक पक्ष हो । अति सङ्क्षिप्तताले गर्दा विद्यार्थीले पाठ्यवस्तु नबुझ्ने सम्भावना प्रबल देखिन्छ । शिक्षकले विशेषणका प्रकारहरूलाई उदाहरणसहित सूचीकृत गर्दै शिक्षण गर्दा उपयुक्त हुने देखिन्छ । पाठ्यवस्तुलाई स्तरअनुरूप विन्यास गर्नु आवश्यक हुन्छ तर विशेषण पाठ्यवस्तुले विद्यार्थीको स्तरलाई सम्बोधन गर्न नसकेको देखिन्छ । त्यसैले यो पाठ्यवस्तु कक्षा ११ र १२ को स्तर उपयुक्त नभएको देखिन्छ । यो यस पाठ्यपुस्तकले सुधार गर्नुपर्ने पक्ष देखिन्छ ।

### ४.२.३.४ क्रियापद

प्रक्रिया, घटना, गतिविधि जस्ता कार्यव्यापार जनाउने शब्दलाई क्रियापद भनिन्छ (अधिकारी, २०६३ : ९५) । क्रियापदको प्रस्तुति यसप्रकार गरिएको छ :

पाँच पङ्क्तिको एउटा सानो तथा सरल अनुच्छेदमा १८ वटा क्रियापदहरूलाई रेखाङ्कन गरी चिनाइएको छ । बोलचालमा सधैँ प्रयोग हुने वाक्यलाई टुङ्ग्याउन आउने पद नै क्रियापद हुन् भनी परिभाषा दिएर आगमन विधिको प्रयोग गरेको छ । यो यसको सकारात्मक पक्ष हो ।

क्रियापदसम्बन्धी दिगो धारणा बसाउन शिक्षकले पाठ्यवस्तुलाई प्रयोग र अभ्यासमुखी बनाउनु राम्रो हुन्छ । पाठ्यवस्तुलाई स्तरअनुरूप विन्यास गर्नु आवश्यक देखिन्छ । यो यस पाठ्यपुस्तकको स्तर अनुरूपताका आधारमा सुधार गर्नुपर्ने पक्ष हो । क्रियापदलाई सामान्य वर्गीकरण गरी तिनको प्रायोगिक पक्षद्वारा अभ्यासात्मक ढङ्गले स्तरण गर्नु आवश्यक देखिन्छ ।

### ४.२.३.५ क्रियायोगी

क्रियाको विशेषता तथा परिवेश जनाउने शब्दलाई क्रियायोगी भनिन्छ । यसबाट रीति, परिमाण, आवृत्ति आदि विशेषता र काल, स्थान, हेतु परिणाम, प्रयोजन, सर्त, स्थिति बुझाउने हुनाले यसलाई क्रियाविशेषण पनि भनिन्छ (अधिकारी, २०६३ : १०८) ।

क्रियायोगीको प्रस्तुति यसप्रकार गरिएको छ :

भाषा संसर्ग विधिको प्रयोग गरी १९ वटा विभिन्न प्रकारका क्रियायोगी (अविकारी) पदहरूलाई रेखाङ्कन गरी चार पङ्क्तिको एउटा सानो अनुच्छेदमा आगमन विधिको प्रयोग गरी राखिएको छ । यो पाठ्यवस्तुमा क्रियायोगीका प्रकारहरूको सामान्य जानकारी गराइएको छैन । यो यस पाठ्यपुस्तकको सुधार गर्नुपर्ने पक्ष देखिन्छ । 'मधुमालतीको कथा' शीर्षकअन्तर्गत व्याकरण खण्डमा अविकारी पदवर्ग (क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक, निपात का साथै पदवर्ग विचलन र लेख्यचिह्न) लाई वितरण (विन्यास) गरिएको छ । पाठ्यक्रममा उक्त व्याकरणिक पाठ्यवस्तुहरूलाई (आ) शब्दवर्गमा राखेको छ । त्यहाँ पदवर्ग विचलन र लेख्यचिह्नलाई उल्लेख गरिएको छैन । (अ) अन्तर्गत लेख्यचिह्न र तिनको प्रयोग राखिएको छ ।

### ४.२.३.६ नामयोगी

विभिन्न किसिमको अर्थगत सम्बन्ध जनाउन नाम वा नामस्थानिक शब्दसँग आबद्ध भएर आउने शब्द नै नामयोगी हुन् (अधिकारी, २०६३ : ११०) । नामयोगीको प्रस्तुति यसप्रकार गरिएको छ :

१० वटा नामयोगी शब्दलाई रेखाङ्कन गरी नामिक शब्दसँग मेल गराएको एउटा सानो चार पङ्क्तिको अनुच्छेद दिइएको छ । अनुच्छेदको तल रेखाङ्कित नामयोगी शब्दहरू टिपी यी शब्द नामयोगी हुन् भनेर सामान्य जानकारी गराइएको छ ।

गाढा अक्षरले कोष्ठक भित्र नामयोगीले वाक्यमा नामिक शब्दसँग अन्य शब्दको अर्थगत सम्बन्धलाई जोड्दछ भनी परिभाषित गरिएको छ । आगमनात्मक विधिको प्रयोग भएको सकारात्मक पक्ष देखिन्छ । उच्च शिक्षाको पूर्वाधार भएकाले विषयवस्तुलाई अभ्यासात्मक बनाएर अझ विस्तृत बनाउँदा राम्रो हुने देखिन्छ ।

### ४.२.३.७ संयोजक

संयोजकले शब्द, पदावली वा उपवाक्यहरू जोड्ने काम गर्दछ (अधिकारी, २०६३ : ११२) । संयोजकको प्रस्तुति यसप्रकार गरिएको छ :

१२ वटा संयोजक शब्दलाई रेखाङ्कन गरी चार पङ्क्तिको एउटा सानो अनुच्छेद आगमन विधिको प्रयोग गरेर राखिएको छ । अनुच्छेदको तलपट्टि रेखाङ्कित संयोजकहरूलाई टिपोट गरी दिइएको छ । कोष्टकभित्र गाढा अक्षरमा संयोजकले शब्द, वाक्य वा पदावलीलाई जोड्दछ भनी परिभाषा दिइएको छ । अति सङ्क्षिप्तताले पाठ्यवस्तुलाई अपेक्षित उद्देश्य हासिल गराउन असफल हुने देखिन्छ । पाठ्यवस्तु केही विस्तृत बनाउँदा पाठ्यक्रमको उद्देश्य पूरा गर्नमा सहयोग हुने कुराको अपेक्षा गर्न सकिन्छ ।

### ४.२.३.८ विस्मयादिबोधक

वाक्यमा प्रकट भएको विचार एवम् मनोभाव बारे टिप्पणी व्यक्त गर्ने खालका शब्दहरू विस्मयादिबोधक हुन् (ऐजन : १२०) । विस्मयादिबोधकको प्रस्तुति यसप्रकार गरिएको छ :

भाषा पाठ्यपुस्तक विधिको प्रयोग गरी ३ वटा विस्मयादिबोधक शब्दहरूलाई रेखाङ्कन गरी ५४ वटा अन्य शब्दसँग छ्यासमिस पारेको एउटा सानो अनुच्छेद दिइएको छ । गाढा अक्षरले कोष्टकभित्र विस्मयादिबोधक शब्दले आश्चर्य, हर्ष, प्रशंसा, शोक, निन्दा, घृणा, विस्मृति जस्ता विस्मयादि भाव जनाउँछ भनी परिभाषिक गरिएको छ ।

पाठ्यक्रमले तोके अनुसार विस्मयादिबोधक शब्दको पहिचान गराउन आगमन विधिको प्रयोग भएको सकारात्मक पक्ष देखिन्छ । यहाँ, विस्मयादिबोधक शब्दका विभिन्न प्रकारहरूलाई उदाहरण सहित प्रस्तुत गरिएको छैन । छोटो अनुच्छेदका माध्यमबाट यसको सामान्य पहिचान मात्र गराइएको छ । पाठ्यवस्तुलाई केही विस्तृत गराएर क्रियाकलापमुखी साथै अभ्यासमुखी शिक्षणबाट मात्र अपेक्षित उद्देश्य हासिल गर्न सकिन्छ । यहाँ उः लाई रेखाङ्कन गरिएको छ । शब्दकोशले यसलाई विस्मयादिबोधकमा परिभाषिक गरिएको पाइँदैन । यो यस पाठ्यपुस्तकको सुधार गर्नुपर्ने पक्ष देखिन्छ

आगमन विधिको प्रयोग सबल पक्ष देखिन्छ । पाठ्यवस्तुको प्रकृति उच्च माध्यमिक शिक्षाको स्तरभन्दा न्यून रहेको पाइन्छ । विस्मयादिबोधक शब्दका प्रकारहरूका बारेमा पाठ्यवस्तुमा उल्लेख छैन । यो तहको पाठ्यक्रम सामान्य रूपमा विस्तार गरिनु पर्छ । यो यसको सुधार गर्नुपर्ने पक्ष हो । शिक्षकले यो पाठ्यवस्तु शिक्षण गर्दा विस्मयादिबोध शब्दहरूलाई प्रकारात्मक ढङ्गबाट वाक्यमा समेत प्रयोग गरी विद्यार्थीको धारणा दिगो बनाएर अभ्यासमुखी ढङ्गबाट शिक्षण गर्नुपर्ने देखिन्छ । अन्यथा पाठ्यक्रमले राखेको अपेक्षा पूरा नहुने देखिन्छ ।

### ४.२.३.९ निपात

निपातहरूले वाक्यमा प्रयोग भएका शब्दको अर्थलाई वा सिङ्गै वाक्यको अर्थलाई तिक्खर र मिठासपूर्ण बनाउन सहयोग गर्छ । यिनको अलग्गै अर्थ हुँदैन (अधिकारी, २०६३ : ११७) । निपातको प्रस्तुति यसप्रकार गरिएको छ :

६ वटा निपात शब्दलाई रेखाङ्कन गरी जम्मा ४९ वटा शब्दसँग छ्यासमिस पारेर एउटा सानो अनुच्छेद राखिएको छ । अनुच्छेदमा र, त, नि, है, उ जस्ता निपात शब्दको प्रयोग भएको कुरा खुलासा गराइएको छ । कोष्टकभित्र गाढा अक्षरले निपात शब्दको खास अर्थ नहुने भए पनि यसले वाक्यमा प्रयोग भई भाषालाई मीठो र लचिलो बनाउन सहयोग पुऱ्याउँछ भनी परिभाषित गरिएको छ ।

### ४.२.४ पदवर्ग विचलन

पदवर्ग विचलनको प्रस्तुति यसप्रकार छ :

तीनवटा साना अनुच्छेदका माध्यमबाट एउटा पदवर्गको शब्द अर्को पदवर्गमा परिवर्तित भएको कुरा देखाइएको छ । पाठ्यपुस्तकमा विशेषण पदहरू नाम पदका रूपमा परिवर्तन भएका छन् । सर्वनाम पदहरू विशेषणका रूपमा परिवर्तित भएका छन् । नामपद क्रियायोगीका रूपमा, सर्वनाम र संयोजक पदहरू निपातका रूपमा परिवर्तित हुन सक्छन् भन्ने कुरा तीन अनुच्छेदमा प्रस्तुत गरेर देखाइएको छ ।

गाढा अक्षरमा कोष्ठकभित्र शब्दले कोशीय अर्थ छोडी अर्को पदवर्गीय अर्थ दिने स्थितिलाई पदवर्ग विचलन भनिन्छ भनी परिभाषित गरिएको छ ।

आगमनात्मक विधिको प्रयोग भएको पाठ्यपुस्तकको सबल पक्ष देखिन्छ ।

पाठ्यक्रममा समावेश नभएको व्याकरणिक तत्त्व (पदवर्ग विचलन) लाई पाठ्यपुस्तकले समावेश गरेको छ । यो माध्यमिक तहमा समावेश नगरिएको नवीन पाठ्यवस्तु हो । यसमा उदाहरणहरू कम प्रयोग गरेको पाइन्छ । यो यस पाठ्यपुस्तकले सुधार गर्नुपर्ने पक्ष देखिन्छ ।

### ४.२.५ वर्णविन्यास

वर्णविन्यासको सम्बन्ध उच्चारणसँग हुँदैन लेखनसँग हुन्छ । लेखाइमा ती वर्णहरू शुद्ध र व्यवस्थित क्रममा भएनन् भने अर्थको अनर्थ हुन सक्छ । त्यसैले नेपाली भाषामा वर्णविन्याससम्बन्धी ज्ञान र तिनको प्रयोगमा सावधान हुनु जरुरी छ । लेखाइमा एकरूपता, नियमितता र व्यवस्था कायम गर्न स्तरीय वर्ण विन्यासको आवश्यकता पर्छ (ज्ञवाली र अन्य, २०६७ : १९) ।

पाठ्यक्रमले तोकेअनुसार तत्सम र आगन्तुक शब्दको वर्णविन्यासका प्रमुख समस्याका क्षेत्र र त्रुटिहरूको पहिचान तथा निराकरण भनी उल्लेख गरेता पनि पाठ्यपुस्तकमा वर्णविन्यास पाठ्यवस्तुमा १९ वटा तत्सम शब्दहरूलाई रेखाङ्कन गरी छ्यासमिस प्रयोग गरेर एउटा सानो चार पङ्क्तिको अनुच्छेद प्रस्तुत गरिएको छ । आगन्तुक शब्दको उदाहरण प्रस्तुत गरेको पाइँदैन ।

अभ्यासात्मक रूपमा तत्सम शब्दहरूका ४० वटा उदाहरण दिइएका छन् । तत्सम शब्दहरूलाई पहिचान र प्रयोगमा अभ्यस्त बनाउन प्रस्तुत पाठ्यवस्तु पऱ्याप्त छैन । तत्सम शब्दको प्रयोग र पहिचान गराउन शब्दकोशको प्रयोग विधिको कुनै उल्लेख गरेको पाइँदैन । उल्लिखित पाठ्यवस्तुहरूमा आगमन विधिको प्रयोग सकारात्मक छ । व्याकरणिक पाठ्यवस्तुहरू वितरणमा तलमाथि पर्न गएको देखिन्छ । विषयवस्तुको प्रकृति अति सङ्क्षिप्त हुनु यसको सुधार गर्नुपर्ने पक्ष रहेको छ । यस पाठ्यवस्तुको शिक्षणका लागि शब्दकोश प्रयोगमा विद्यार्थीलाई प्रायोगिक ढङ्गबाट अभ्यस्त गराउनु आवश्यक हुन्छ । तर पाठ्यक्रमले यस कुरालाई समावेश गरेको छैन । पाठ्यक्रमले तत्सम र आगन्तुक शब्दको कुरा उठान गरे तापनि आगन्तुक र तद्भव शब्दको कुनै उल्लेख पाइँदैन । यो पाठ्यक्रम तथा पाठ्यपुस्ककको सुधार गर्नुपर्ने पक्ष देखिन्छ ।

यो पाठ्यपुस्तकमा पदवर्गको क्रम भङ्ग गर्दै बीच भागमा वर्णविन्यासलाई राखेको छ । यो पाठ्यवस्तुलाई पहिलो खण्डमा स्तरण गर्दा उपयुक्त हुने देखिन्छ । चिह्न प्रयोग, ह्रस्वदीर्घसम्बन्धी नियम आदिलाई एकसाथ पहिलो खण्डमा स्तरण गर्दा सुधार योग्य हुन्छ ।

वर्णविन्यासको प्रस्तुति यसप्रकार गरिएको छ :

'मेरो देश' कवितामा प्रयोग भएका विभिन्न तत्सम, तद्भव र आगन्तुक शब्दहरू दिई तत्सम, तद्भव शब्दको परिभाषा स्पष्ट गराइएको छ । शब्दकोशको प्रयोगबाट तत्सम शब्दको वर्ण विन्यास प्रक्रियाको जानकारी गराइएको छ । तद्भव र आगन्तुक शब्दको वर्णविन्यास नेपाली नियम अनुसार व्यवस्थित गर्न ह्रस्व, दीर्घ, अजन्त, हलन्त, पदयोग र पदवियोगको प्रयोग महत्त्वपूर्ण हुन्छ भनी जानकारी गराइएको छ ।

अभ्यासात्मक ढङ्गबाट नेपाली तद्भव र आगन्तुक शब्दमा प्रयोग नहुने वर्णहरूको उदाहरणसहित देखाइएको छ । नाके ध्वनिका निम्ति चन्द्रविन्दुको प्रयोग, पातलो स को प्रयोगका उदाहरणसहित देखाइएको छ ।

सातवटा तत्सम शब्दमा रेखाङ्कन गरिएको साढे दुई पङ्क्तिको सानो अनुच्छेदमा ऋ, ण्, श्, ष्, क्ष्, ज्ञ् वर्णहरू संस्कृत तत्सम शब्दहरूमा मात्र प्रयोग गरिने कुराको जानकारी गराइएको छ ।

अर्को १३ वटा तद्भव र आगन्तुक शब्दहरूमा रेखाङ्कन गरी पाँच पङ्क्तिको अनुच्छेदका माध्यमबाट तद्भव र आगन्तुक शब्दका वर्ण विन्यासलाई देखाइएको छ । ती वर्णहरूका सुरु र बीचका इकार, उकार सबै ह्रस्व लेखिन्छन् । पुलिङ्गी नामका अन्त्यका इकार उकार पनि ह्रस्व हुने कुरा विन्दु चिह्न दिई उदाहरण समेत दिएर प्रष्ट पारिएको छ । निर्देशनात्मक ढङ्गबाट गाढा अक्षरमा ह्रस्व र दीर्घ सम्बन्धी जानकारीहरू विभिन्न सुरु, बीच, अन्त्य आदि खुलाई विविध उदाहरणहरू समेत लेखी प्रष्ट गराइएको छ । निर्देशनात्मक ढङ्गले अजन्त र हलन्तको प्रयोग उदाहरण सहित मूल शब्द र व्युत्पन्न शब्द पनि अजन्त लेखिने कुरा स्पष्ट पारिएको छ ।

अङ्ग्रेजीका एकाक्षरी शब्दलाई नेपालीमा एक्लै लेख्दा हलन्त उच्चारण भए पनि अजन्त लेखिने कुरा विभिन्न उदाहरणहरूबाट प्रष्ट पारिएको छ ।

क्रियापद र अव्यय शब्द उच्चारण अनुसार नै हलन्त र अजन्त दुवै लेखिने कुरा उदाहरणबाट स्पष्ट पारिएको छ ।

निर्देशनात्मक ढङ्गबाट गाढा अक्षरमा विभिन्न पदयोग र पदवियोगका नेपाली वर्णविन्यासका नियमहरूलाई स्पष्ट गराइएका छन् । उदाहरणहरू गाढा अक्षरमा लेखिएका छैनन् ।

पाठ्यक्रमको निर्देशनलाई पाठ्यपुस्तकले पूर्णतया अनुशरण गरेको छ । नेपाली वर्ण विन्यासका महत्त्वपूर्ण क्षेत्रहरूमा प्रशस्त उदाहरण सहित प्रष्ट पारिएको छ । यो यस पाठ्यपुस्तकको सकारात्मक पक्ष हो । नेपाली वर्णविन्यासलाई संक्रमण अवस्थामा पुऱ्याइएको छ । किनकी भाषाप्रयोगमा प्रचलित मानकलाई पछ्याउने वा नयाँ प्रयोगलाई आत्मसात गर्ने द्विविधापूर्ण अवस्थाको सिर्जना गरेको छ । यसले नेपाली भाषाका विद्यार्थी तथा शिक्षक र अन्य सरोकारवाला व्यक्तिहरूलाई थप अन्योलको अवस्थामा पुऱ्याएको छ । यसको निकास जतिसक्तो चाँडो हुनु आजको आवश्यकता हो । यस पाठ्यपुस्तकले वर्णविन्यास शीर्षक अघिल्लो पाठ तीन (आइमाई साथी) निबन्ध शीर्षकको पदवर्गको बीचमा

वितरण गरेको छ । यसले पदवर्गलाई (अविकारी) दुई भागमा बाँडेको छ । यो यस पाठ्यपुस्तकको सुधार गर्नुपर्ने पक्ष हो ।

### ४.२.५.१ लेख्य चिह्न

भाषालाई लिखित रूपमा व्यक्त गर्त तथा लेखाइलाई स्पष्ट र सुपाठ्य बनाउन प्रयोग गरिने लिपिबाहेकका चिह्नहरूलाई लेख्य चिह्न भनिन्छ (अधिकारी, २०६३ : ६१) । लेख्यचिह्नको प्रस्तुति यसप्रकार छ :

पाँच प्रकारका लेख्य चिह्नहरू प्रयोग गरी साढे तीन पङ्क्तिको एउटा सानो अनुच्छेदका माध्यमबाट लेख्य चिह्नहरूलाई रेखाङ्कन गरेर देखाइएको छ । अनुच्छेदको तलपट्टि “ ” (उद्धरण चिह्न), - (निर्देशन चिह्न), । (पूर्णविराम चिह्न), ... (रिक्तताबोधक चिह्न) , (अल्पविराम) लेख्य चिह्नहरू दिइएको छ ।

तलपट्टि कोष्ठकभित्र गाढा अक्षरले लेखाइलाई स्पष्ट पार्न र प्रभावकारी बनाउन लेख्य भाषामा यस्ता चिह्नहरूको प्रयोग गरिन्छ भनी परिभाषित गरिएको छ ।

भाषा पाठ्यपुस्तक विधि र आगमन विधिको प्रयोग गरिनु यसको सबल पक्ष हो । लेख्य चिह्नहरूलाई थप गरी वाक्यमा प्रयोग गरी क्रियाकलापमुखी ढङ्गबाट राख्दा पाठ्यक्रमको अपेक्षित उपलब्धि हासिल हुने अपेक्षा गर्न सकिन्छ । यस पाठ्यपुस्तकमा अन्य लेख्य चिह्नहरू जस्तै : कोष्ठक चिह्न, प्रश्नसूचक, विस्मयसूचक, विकल्पबोधक, सापेक्षविराम, मध्यविराम, अर्धविरामहरूको समेत सङ्केतका माध्यमबाट देखाइएको छ । विद्यार्थीको तह र स्तरलाई हेर्दा उपयुक्त नै देखिन्छ किनकि यी चिह्नहरू अघिल्ला तहदेखि नै प्रयोग र पहिचान हुँदै आएका छन् ।

## ४.२.६ नेपाली शब्दको पहिचान, प्रकार र कार्य

यहाँ व्याकरणिक पाठ्यवस्तुहरूलाई यसप्रकार प्रस्तुत गरिएको छ :

१) शब्दको पहिचान, २) शब्दका प्रकार, ३) रूपायन

### ४.२.६.१ शब्दको पहिचान

शब्द भाषाको स्वतन्त्र र अर्थपूर्ण एकाइ हो । यसलाई पद पनि भनिन्छ । शब्दको कोशीय अर्थका अतिरिक्त व्याकरणिक अर्थ पनि हुन्छ । एक वा एकभन्दा बढी रूपबाट बनेको अर्थयुक्त भाषिक एकाइलाई शब्द भनिन्छ (ऐजन : ७७) । शब्दको पहिचानको प्रस्तुति यसप्रकार छ :

दुई भिन्न समूहमा एउटामा सार्थक शब्दहरू राखिएको छ । अर्कोमा निरर्थक । निरर्थक शब्दबाट वाक्य बन्दैनन् तर सार्थक एकाइबाट सार्थक वाक्य बनाउन सकिन्छ भन्ने कुराको जानकारी उदाहरणका माध्यमबाट प्रष्ट गरिएको छ । अभ्यासात्मक ढाँचाबाट भाषा संसर्ग विधिको प्रयोग गरेको छ । सार्थक शब्द बन्नका लागि भाषाका वर्णहरूलाई उपयुक्त ढङ्गबाट विन्यास गरी एउटा डिकोमा एउटा शब्द लेखिन्छ भनेर बुझाइएको छ । वाक्यमा हरेक शब्दहरू अलग अलग लेखिन्छन् भन्ने कुरा २६ शब्दद्वारा निर्मित दुई पङ्क्तिको अनुच्छेदका माध्यमबाट प्रष्ट पारिएको छ । शब्दलाई कसरी विन्यास गर्दा अर्थको अनर्थ पनि हुन सक्छ भन्ने कुरालाई प्रष्ट पार्दै शब्दहरूलाई आपसमा सङ्गतियुक्त ढङ्गबाट मिलाएर लेख्न सिकाइएको छ । सिर्जनात्मक सीप विकासका लागि विद्यार्थी स्वयम्ले पाठ्यवस्तुलाई बुझेर अन्य सन्दर्भमा सामान्यीकरण गर्नु आवश्यक हुन्छ । त्यसकारण यो पाठ्यवस्तु स्तरअनुरूप नै रहेको छ ।

### ४.२.६.२ शब्दको प्रकार

शब्दका प्रकारको प्रस्तुति यसप्रकार छ :

(क) स्रोतको आधार (तत्सम, तद्भव, आगन्तुक, अनुकरणात्मक शब्द)

तत्सम, तद्भव र आगन्तुक शब्दहरूलाई क्रमशः सूचीकृत गरिएको छ । तत्सम शब्दअन्तर्गत १५ वटा शब्द बायाँपट्टि र बीच भागमा २० वटा तद्भव शब्दहरू र १८ वटा आगन्तुक शब्दहरूलाई दायापट्टिको भागमा राखिएको छ ।

तत्सम, तद्भव र आगन्तुक शब्दको सामान्य चिनारी गराइएको छ ।

अभ्यासात्मक ढङ्गबाट तत्सम, तद्भव र आगन्तुक गरी ३२ वटा शब्दहरूलाई रेखाङ्कन गरी पाँच पङ्क्तिको एउटा अनुच्छेद दिइएको छ । रेखाङ्कित शब्द कुन कुन शब्द तत्सम, तद्भव र आगन्तुक हुन् छुट्याउन निर्देशन दिइएको छ ।

कक्षा ११ र १२ का विद्यार्थीले सङ्क्षिप्त ढङ्गबाट शब्दका प्रकारहरूलाई पहिचान गर्न सक्षम हुँदैनन् । शब्दकोश प्रयोग गर्ने सीप विकासका लागि पाठ्यपुस्तकमा कुनै सङ्केत गरिएको छैन । यो यसको सुधार गर्नुपर्ने पक्ष हो ।

४५ वटा शब्दहरूमा अनुकरणात्मक शब्दहरूलाई छ्यासमिस गरी तीन पङ्क्तिको एउटा अनुच्छेद दिइएको छ । १० वटा अनुकरणात्मक शब्दहरू पहिचान गर्न विद्यार्थीलाई निर्देशन समेत दिइएको छ ।

पहिचानात्मक ढङ्गबाट पाठ्यवस्तु प्रस्तुत गरिएको छ । आगमन विधिको प्रयोग गरिएको छ । पाठ्यक्रमले (ख) अन्तर्गत संरचनाको आधार (मूल र व्युत्पन्न) शब्द भनी उल्लेख गरे तापनि पाठ्यपुस्तकमा शब्दका प्रकार अर्न्तगत अभ्यासात्मक ढङ्गले छोटो तथा सरल ढङ्गले प्रस्तुत गरिएको छ । अभ्यासात्मक ढङ्गबाट मूल र व्युत्पन्न शब्द गरी शब्द निर्माणका दुई प्रकार छन् भनी निर्देशनमा नै प्रष्ट पारिएको छ । व्युत्पन्न शब्द बन्ने आधारहरू शब्द र आधार पदमा उपसर्ग लागेर, शब्द वा धातुमा प्रत्यय लागेर, द्वित्व र समास प्रक्रियालाई उदाहरणसहित प्रस्तुत गरेर साथै अनुच्छेदबाट त्यस्ता शब्द पहिचान गरी सूचीकृत गर्ने निर्देशन दिइएको छ ।

- आगमन विधिको प्रयोग भएको सबल पक्ष देखिन्छ ।
- पहिचानात्मक, अभ्यासात्मक तरिकाद्वारा निर्देशन गरिनु यस पाठ्यपुस्तकको सकारात्मक पक्ष हो ।
- पाठ्यवस्तुलाई थप क्रियाकलापमुखी बनाउदा पाठ्यक्रमको उद्देश्य पूरा हुने अपेक्षा गर्न सकिन्छ ।

### ४.२.६.३ रूपायन

वाक्यमा लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, करण, अकरण आदि व्याकरणिक कोटि व्यक्त गर्नका लागि शब्दका रूपमा हुने परिवर्तनलाई रूपायन भनिन्छ (अधिकारी, २०६३ : १७४) । रूपायनको प्रस्तुति यसप्रकार गरिन्छ :

पाँच वाक्यले बनिएको दुई पङ्क्तिको सानो अनुच्छेद दिई उक्त वाक्यहरूमा प्रयोग भएका केही पदहरूको परिवर्तन र केही पदहरूको परिवर्तन नभएको अवस्थालाई देखाइएको छ । उक्त वाक्यमा आएका नाम, सर्वनाम, विशेषण र क्रियापदहरू (विकारी) को रूपमा

परिवर्तन भएको छ । तर हिजो, चाहिँ र सँग, कहिले काहिँ (अविकारी) जस्ता पदहरूको वाक्यमा प्रयोग हुँदा रूपमा परिवर्तन नभएको अनुच्छेदमा देखाइएको छ । रूपमा परिवर्तन हुने शब्दलाई विकारी शब्द र रूपमा परिवर्तन नहुने शब्द अविकारी शब्द हुन् भनी अनुच्छेदमा प्रथक वाक्यको खुलासा विन्दु चिह्न दिई गरिएको छ ।

- अभ्यासात्मक ढङ्गबाट लिङ्ग, वचन, पुरुष, काल, भावअनुसारको रूपायन वाक्य ढाँचामा परिवर्तन गर्न निर्देशन दिइएको छ ।
- आगमनात्मक विधिको प्रयोग भएको राम्रो पक्ष छ ।
- पर्याप्त उदाहरणहरू प्रयोग गरिएको छैन । यो यस पाठ्यपुस्तकको सुधार गर्नुपर्ने पक्ष देखिन्छ ।
- पाठ्यवस्तुलाई अभ्यासमुखी बनाइएको यस पाठ्यपुस्तकको सबल पक्ष देखिन्छ ।
- रूपायन जस्तो जटिल र गहन विषयवस्तुको प्रायोगिक पक्ष जटिल नै हुन्छ । विद्यार्थीको स्तर अनुरूप यो पाठ्यवस्तु पर्याप्त छैन । यो पाठ्यवस्तुलाई प्रयोगात्मक ढङ्गबाट क्रमिक रूपमा पुनरावृत्ति गराउँदै स्तरण गरिनु आवश्यक छ ।
- रूपायनलाई एउटै पाठ्यवस्तुका रूपमा स्तरण गरिनु अनुपयुक्त देखिन्छ । यो यस पाठ्यपुस्तकको सुधार गर्नुपर्ने पक्ष हो ।

### ४.२.७ शब्दको बनोट

शब्दको बनोट (संरचना) ले यसको व्युत्पादन तथा रूपायनलाई जनाउँछ (अधिकारी, २०६३ : ७९) ।

### ४.२.७.१ उपसर्गद्वारा शब्द निर्माण

शब्दको बनोटको प्रस्तुति यसप्रकार छ :

३० वटा शब्दमा ८ वटा उपसर्ग लागेर बनेका शब्दलाई रेखाङ्कन गरी छ्यासमिस पारेको छोटो अनुच्छेद दिइएको छ । रेखाङ्कित शब्दहरूको आधार पद र उपसर्ग छुट्याउन निर्देशन दिइएको छ । अभ्यासात्मक ढङ्गले ३३ वटा उपसर्ग मिलेर बनेका शब्दहरूलाई थप तीन/तीनवटा शब्द बनाउन लगाई पाठ्यवस्तुलाई अभ्यासमुखी बनाइएको छ ।

### ४.२.७.२ प्रत्ययद्वारा शब्द निर्माण

शब्दको बनोटको प्रस्तुति यसप्रकार छ :

यस व्याकरणिक खण्डमा प्रत्ययद्वारा शब्दनिर्माण र समास रेहका छन् । १८ वटा प्रत्यय लागेर बनेका शब्दहरूलाई गाढा अक्षरमा लेखिएको सात पङ्क्तिको अनुच्छेद दिई तलपट्टि प्रकृति र प्रत्ययको मेलबाट शब्द निर्माण प्रक्रियालाई देखाइएको छ ।

अभ्यासात्मक ढङ्गबाट अक्कड, आली, आलु जस्ता १० वटा प्रत्ययहरू दिई तिनका थप तीन/तीन वटा शब्द छलफल तथा खोज विधिका माध्यमबाट टिपोट गरी वाक्यमा प्रयोग गर्न निर्देशन दिइएको छ ।

१५ वटा प्रत्यय लागेर बनेका शब्दहरूलाई ८ पङ्क्तिमा छ्यासमिस गरी एउटा अनुच्छेद दिइएको छ । अनुच्छेदको अन्त्यमा बोध प्रश्न झैँ गरी प्रत्यय लागेर बनेका शब्दहरू छान्न, शब्दबाट प्रत्ययलाई छुट्याउन विद्यार्थीलाई निर्देशन दिइएको छ । प्रयोग तथा पहिचानात्मक विधिको उपयोग गर्दै पाठ्यक्रमले निर्देश गरेको 'एक चिहान' उपन्यासबाट इयार, इलो, ई, ए, ओ, ओट जस्ता १२ वटा प्रत्यय लागेर बनेका शब्द खोजी सूची बनाउन निर्देशन दिइएको छ । उक्त १२ वटै प्रत्यय लगाई थप दुई दुई शब्द बनाउन पनि निर्देशन विद्यार्थीलाई दिइएको छ ।

अभ्यासात्मक ढङ्गबाट २८ वटा प्रत्यय लागेर बनेका शब्दहरू छ्यासमिस पारेर सात पङ्क्तिको एक अनुच्छेद दिई उक्त शब्दहरूको प्रकृति र प्रत्यय छुट्याउन निर्देशन दिइएको छ ।

- आगमनात्मक, विद्यार्थी केन्द्रित, खोजमूलक विधिको प्रयोग भएको यस पाठ्यपुस्तकको सकारात्मक पक्ष हो ।
- पाठ्यक्रमको निर्देशनलाई पाठ्यपुस्तकले पूर्णतया अनुशरण गरेको सबल पक्ष देखिन्छ ।
- शिक्षण विधि क्रियाकलापमुखी, खोजमूलक तथा अनुसन्धानात्मक प्रक्रियाको रहेको छ ।
- यी सम्पूर्ण पक्ष पाठ्यपुस्तकको सबल पक्ष हुन् ।

### ४.२.७.३ समासद्वारा शब्द निर्माण

दुई वा दुईभन्दा बढी शब्दहरूको योगबाट शब्द व्युत्पादन हुने प्रक्रियालाई समास भनिन्छ (अधिकारी, २०६३ : १५६) । समासको प्रस्तुति यसप्रकार छ :

१५ पङ्क्तिमा ३६ वटा समस्त शब्दलाई छ्यासमिस पारेर एउटा अनुच्छेद दिइएको छ । पहिचानात्मक ढाँचामा प्रस्तुत गरिएको अनुच्छेदको तलपट्टि समासको सामान्य जानकारी गराइएको छ । बोधात्मक ढाँचामा समास बारे थप जानकारी उदाहरणसहित दिइएको छ । समास भई बनेका शब्दलाई अर्थ प्रष्ट हुनेगरी अलग अलग छुट्याउने प्रक्रियालाई विग्रह भनिन्छ । विग्रहको अवस्थामा शब्दमा लागेका विभक्ति, नामयोगी जस्ता पदहरू हटेर शब्दको आधारभूत घटक समास हुन्छ भनी समासका बारेमा विद्यार्थीको धारणा स्पष्ट पारिएको छ ।

समासको विभिन्न प्रकारहरूको जानकारी गराउँदै तालिकाका माध्यमबाट सरल तथा सहज ढङ्गबाट विग्रह तथा समस्त शब्दहरू प्रस्तुत गरिएको छ ।

एउटै डिकोमा लेखिने र नलेखिने समस्त शब्दहरूको समेत तालिकामा प्रस्तुत गरिएको छ । समस्त शब्द र विग्रह हेरी ती कुन समासअन्तर्गत पर्दछन् भनी विद्यार्थीको पहिचानात्मक क्षमताको अभ्यासात्मक ढङ्गबाट निरीक्षण समेत गरिएको छ ।

अभ्यासात्मक ढाँचाबाट द्वन्द्व समासको विग्रह तथा समस्त शब्द दिई क्रमशः समास र विग्रह गर्न निर्देशन दिइएको छ ।

द्वन्द्व र बहुव्रीहि समासको परिभाषा प्रस्तुत गरेर विद्यार्थीलाई द्वन्द्व र बहुव्रीहि समासका बारेमा स्पष्ट धारणा दिइएको छ ।

आगमन विधिको प्रयोग गरिएको छ । पाठ्यक्रमको अपेक्षालाई यो पाठ्यपुस्तकले पूर्णतया पालना गरेको छ । यो यस पाठ्यपुस्तकको सबल पक्ष हो । यो पाठ्यवस्तु लम्बीय ढङ्गबाट स्तरण हुँदै आएको हो । पाठ्यपुस्तकमा विद्यार्थी केन्द्रित ढङ्गबाट शिक्षण क्रियाकलाप सञ्चालन गर्न उपयुक्त हुनेगरी विन्यास गरिएको छ । विद्यार्थी र शिक्षक दुवैलाई क्रियाकलाप सञ्चालन गराउन उत्प्रेरित हुने गरी पाठ्यवस्तुलाई विन्यास गरिनु यस पाठ्यपुस्तकको अत्यन्त सबल पक्ष हो ।

### ४.२.७.४ द्वित्त्व प्रक्रियाद्वारा शब्द निर्माण

शब्द बनोटको अर्को प्रक्रिया द्वित्वलाई अभ्यासात्मक तथा खोजमूलक ढङ्गबाट ४४ वटा शब्दमध्ये ८ वटा शब्द छ्यासमिस पारेको एउटा सानो अनुच्छेदमा पूर्ण द्वित्व, आंशिक द्वित्व र अपरिवर्तित द्वित्वको सामान्य पहिचान गराउन खोजिएको छ। त्यस्तै गरी १६ वटा द्वित्व शब्द दिएर तिनको दोहोरिएको अंश छुट्याउन निर्देशन दिइएको छ।

- यो पाठ्यवस्तु अभ्यासात्मक र पहिचानात्मक ढङ्गले विन्यास गरिएको छ। यो यस पाठ्यपुस्तकको सबल पक्ष हो।
- यो पाठ्यवस्तु शिक्षण गर्दा अन्य थप उदाहरणहरूको प्रयोग गर्दा पाठ्यक्रमको उद्देश्य पूरा हुने अपेक्षा गर्न सकिन्छ।
- यो व्याकरण पाठ्यवस्तुमा एउटै मात्र शीर्षक (व्याकरणिक विषयवस्तु) समावेश गरिएकाले विद्यार्थीका लागि प्रभावकारी र रोचक हुन्छ। यो यसको सकारात्मक पक्ष हो।

### ४.२.७.५ सन्धि र सन्धि भएका शब्दको पहिचान

एक-अर्कासँगको प्रभावले ध्वनिहरूमा हुने परिवर्तनलाई सन्धि भनिन्छ (ऐजन)। सन्धि र सन्धि भएका शब्दको पहिचानको प्रस्तुति यसप्रकार छ :

सातवटा सन्धियुक्त शब्दहरूलाई रेखाङ्कन गरिएको दुई पङ्क्तिको सानो अनुच्छेद दिइएको छ। अनुच्छेदको तल रेखाङ्कित शब्दहरूको निर्माण (बनोट) प्रक्रिया क्रमैसँग देखाइएको छ। अन्त्यमा सन्धिका प्रकार बताई सामान्य र विशिष्ट सन्धिको उदाहरण र निर्माण प्रक्रिया सहित परिभाषित गरिएको छ।

आगमनात्मक विधिको प्रयोग गरिएको छ। पाठ्यक्रमले सन्धि र सन्धिको पहिचान निर्देश गरेको छ तर यो पाठ्यपुस्तकबाट उक्त उद्देश्य पूरा गराउन थप अभ्यासात्मक क्रियाकलापहरू समावेश गर्नु उपयुक्त हुन्छ। यो यस पाठ्यपुस्तकको सुधार गर्नुपर्ने पक्ष देखिन्छ।

### ४.२.८ वाक्य

### ४.२.८.१ वाक्यको पहिचान र प्रयोग

वाक्य त्यस्तो भाषिक संरचना हो, जसमा एउटा कर्ता र एउटा समापिका क्रिया हुन्छ । यो पदावलीभन्दा माथिल्लो भाषिक एकाइ हो, जसले एक किसिमको अवधारणा व्यक्त गर्दछ (ऐजन : २७०) । वाक्यको पहिचान र प्रयोगको प्रस्तुति यसप्रकार छ :

एउटा कर्ता (उद्देश्य) र एउटा क्रिया (विधेय) भएको दुईवटा सरल वाक्य दिई वाक्यको सामान्य परिचय गराइएको छ । उद्देश्य (कर्ता) भन्दा अगाडि आउने सम्पूर्ण पदहरू उद्देश्य विस्तारक हुन् र विधेय (क्रिया) का अगाडि आएका पद जसले विधेय (क्रिया)को वर्णन गर्छन् ती पदहरूलाई विधेय विस्तारक भनी बताइएको छ ।

भाषा संसर्ग विधिको प्रयोग गरी वाक्यहरू प्रस्तुत गरिनु यो पाठ्यपुस्तकको सबल पक्ष हो । आगमन विधिको प्रयोग सकारात्मक पक्ष रहेको छ । पाठ्यक्रमको अपेक्षा अनुरूप यस पाठ्यपुस्तकमा वाक्यको प्रयोग पर्याप्त उल्लेख छैन । यो यस पाठ्यपुस्तकको सुधार गर्नुपर्ने पक्ष देखिन्छ ।

### ४.२.८.२ सरल, संयुक्त र मिश्र वाक्यको पहिचान र प्रयोग

सरल, संयुक्त र मिश्र वाक्यको पहिचान र प्रयोगको प्रस्तुति यसप्रकार गरिएको छ :

समूह एक, दुई र तीन गरी वाक्यहरू क्रमशः सरल, संयुक्त र मिश्र वाक्यहरू क्रमैसँग राखिएको छ । समूह एकमा तीनवटा सरल वाक्यहरू दिइएको छ । पहिलो वाक्यमा एउटा उद्देश्य र एउटा विधेय (समापिका क्रिया) छ । अर्कोमा विधेय विस्तार गरिएको छ । तेस्रोमा उद्देश्य र विधेय दुवैको विस्तार गरी सरल वाक्यको उदाहरण सहित स्पष्ट गरिएको छ । समूह दुईमा 'र' संयोजकद्वारा गाँसिएका दुईवटा समान महत्त्वका सरल वाक्यहरूलाई निरपेक्ष संयोजकले जोडेर संयुक्त वाक्य बनाइएको उदाहरणबाटै प्रष्ट गरिएको छ । समूह तीनमा मुख्य उपवाक्य र अधिन उपवाक्यलाई 'ती', 'जो' जस्ता सापेक्ष संयोजकले जोडेर मिश्रवाक्य बनाइएको छ ।

- वाक्यको पहिचान र प्रयोग जस्तो जटिल विषयवस्तुलाई एउटै पाठ्यवस्तुमा सीमित गर्नु विद्यार्थीको क्षमता, रुचि, स्तरयुक्त नभएकाले यसलाई भिन्न भिन्न पाठ्यवस्तुमा स्तरण गरी चक्रिय ढाँचामा पुनरावृत्ति गराउँदा पाठ्यक्रमको अपेक्षा पूरा हुने देखिन्छ । यो यस पाठ्यपुस्तकको सुधार गर्नुपर्ने पक्ष हो ।
- अभ्यासात्मक, पहिचानात्मक र प्रयोगात्मक ढङ्गले वितरण गर्नु आवश्यक देखिन्छ ।

– भाषा पाठ्यपुस्तक तथा आगमनात्मक विधिको प्रयोग हुनु यस पाठ्यपुस्तकको सबल पक्ष हो ।

### ४.२.८.३ वाक्य संश्लेषण

वाक्य संस्लेषणको प्रस्तुति यसप्रकार छ :

गाढा अक्षरमा बायाँतर्फ र दायाँतर्फका वाक्य पढ्न र तिनको फरक थाहा पाउनुहोस् भनी निर्देशन दिइएको छ । बायाँतर्फ चारवटा सरल वाक्य दिइएको छ । दायाँतर्फ उक्त वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गरिएको संश्लेषित वाक्य दिइएको छ । विन्दु चिह्न दिई माथिको उदाहरणको खोलुवा गरिएको छ । वाक्य संश्लेषणको सामान्य चिनारी दिइएको छ । विभिन्न किसिमले वाक्य संश्लेषण गर्न सकिने कुराको जानकारी गराइएको छ । बायाँतर्फ चारवटा सरल वाक्य दिइएका छन् । दायाँतर्फ उक्त सरल वाक्यहरूलाई संश्लेषण गरी राखिएको छ । तीनवटा विन्दु चिह्न तलको पहिलो वाक्यको खोलुवा गरिएको छ । यस वाक्यमा आएर भेटी र सुनाएर कृदन्तको प्रयोग गरी सरल वाक्यमा संश्लेषण गरिएको कुरा खोलुवा गराइएको छ ।

बायाँतर्फ संश्लेषण नगरिएका र दायाँतर्फ संश्लेषण गरिएका वाक्य दिई त्यसको खोलुवा माथि पहिलो विन्दु चिह्नमा गराइएको छ । यस वाक्यको खोलुवा दुई ठाउँमा गरिएको छ । तलको वाक्यको खोलुवा माथिको दोस्रो विन्दुमा गरिएको छ । अन्तिम वाक्यको खोलुवा पनि दुई ठाउँमा गरिएको छ । वाक्य संश्लेषण गर्दा कृदन्तको प्रयोग गरी जब, तब जस्ता सापेक्ष संयोजकको प्रयोग गरी मिश्र वाक्य र निरपेक्ष तर, किनभने जस्ता संयोजकको प्रयोग गरी संयुक्त वाक्यमा संश्लेषण गरिएको कुराको खोलुवा गरिएको छ ।

वाक्य संश्लेषणका थप उदाहरणहरू क र ख समूहमा दिई विद्यार्थीलाई पढ्न निर्देशन दिइएको छ । उदाहरण क मा पाँचवटा स्वतन्त्र वाक्यहरू दिई एउटै संश्लेषित सरल वाक्य बनाइएको छ । उदाहरण ख मा सातवटा स्वतन्त्र सरल वाक्यहरू दिई एउटै संश्लेषिक सरल वाक्य बनाइएको छ ।

– आगमन विधिको प्रयोग भएको छ ।

- भाषा पाठ्यपुस्तक विधिको प्रयोग गरिएको छ ।
- पाठ्यक्रमले सरल वाक्यलाई संयुक्त र मिश्र वाक्यमा संश्लेषण गर्न निर्देश गरेता पनि यो पाठ्यवस्तुमा सरल वाक्यबाट बनेका संश्लेषित सरल वाक्यहरू मात्र प्रस्तुत गरेको छ । यो यस पाठ्यपुस्तकको सुधार गर्नुपर्ने पक्ष रहेको छ ।
- यो पाठ्यवस्तुको धारणालाई दिगो, मजबुत र जीवन्त बनाउन पुनरावृत्ति गरिएको छ । यो यस पाठ्यपुस्तकको सकारात्मक पक्ष हो ।
- वाक्य संश्लेषणको अघिल्लो पाठ्यवस्तु विन्यासमा तल माथि पर्नगई एउटै कुरा दुई ठाउँमा दोहोरिएको छ । यो यस पाठ्यपुस्तकको सुधार गर्नुपर्ने पक्ष देखिन्छ ।

## ४.२.९ क्रिया

### ४.२.९.१ क्रियाका काल

दुईदुई पङ्क्तिले बनाइएका तीनवटा अनुच्छेद विन्दु चिह्नमा दिइएको छ । आठवटा क्रियापद शब्दलाई रेखाङ्कन गरिएको छ । तल पहिलो अनुच्छेदमा भूतकालको प्रयोग, दोस्रोमा वर्तमान कालको र तेस्रोमा भविष्यत् कालको क्रियापदहरू प्रयोग गरिएका छन् भनी माथिका अनुच्छेदको खोलुवा गरिएको छ । भूतकालले वितेको समय, अभूतकालले वर्तमान र भविष्यमा आउने समयमा हुने कामलाई बुझाउँछ भनी कालको सामान्य जानकारी मात्र गराइएको छ ।

भाषापाठ्यपुस्तक विधिको प्रयोग भएको सकरात्मक पक्ष देखिन्छ । क्रियाका काल बुझाउन पाठ्यवस्तु अति सङ्क्षिप्त रहेको छ । पाठ्यवस्तु सरल ढङ्गबाट उदाहरण दिएर विस्तार गरिनु आवश्यक देखिन्छ । सरल उदाहरणहरू पहिला राखेर त्यसपश्चात् भाषा पाठ्यपुस्तक विधिको प्रयोग गर्दा अझ उपयुक्त हुने अपेक्षा गर्न सकिन्छ । यो यस पाठ्यपुस्तकको सुधार गर्नुपर्ने पक्ष हो ।

### ४.२.९.२ क्रियाका पक्ष

क्रियाका कार्यको अवस्था तथा वितरण जनाउने व्याकरणात्मक कोटिलाई पक्ष भनिन्छ (ऐजन : २१६) । क्रियाको पक्षको प्रस्तुति यसप्रकार छ :

बाँयापट्टि वाक्यहरूको क्रममा भूत र अभूत काल र पक्षका ११ वटा वाक्य लेखिएका छन् । दायाँतर्फ वाक्यका पक्षहरू र बीचमा काल उल्लेख गरिएका छन् । तलपट्टि विन्दु अङ्कित गरी भूत कालका पाँच पक्ष, अभूत कालका तीन पक्ष हुन्छन् भन्ने कुराको सामान्य जानकारी गराइएको छ ।

उल्लिखित ११ वटा वाक्यहरूमध्ये ६ वटा भूतकालका र ५ वटा अभूतकालका उदाहरणहरू प्रस्तुत गरिएका छन् तर पाठ्यपुस्तकले 'भाइले पाठ पढेको छ ।' र 'भाइले पाठ पढेको हुनेछ ।' वाक्यलाई भूतकालको वाक्य भनेर उल्लेख गरेको छ । यी वाक्यहरू भूत कालका नभएर अभूत (क्रमशः वर्तमान र भविष्यत्) कालका पूर्ण पक्षका वाक्यहरू हुन् । यी पाठ्यपुस्तकले गरेका गम्भीर त्रुटि हुन् । यो यसको सुधार गर्नुपर्ने पक्ष हो ।

यो पाठ्यपुस्तकले पक्षको बारेमा सामान्य जानकारी समेत दिन अपर्याप्त रहेको देखिन्छ । अति सङ्क्षिप्तताका कारण यस पाठ्यवस्तुले पाठ्यक्रमको अपेक्षालाई पूरा गर्न सक्तैन । आगमन विधिद्वारा पाठ्यवस्तु विन्यास गरिएको सकारात्मक पक्ष रहेको छ ।

### ४.२.९.३ भाव

वक्ताको मनोभाव (मनोवृत्ति) जनाउने क्रियापदको कोटिलाई भाव (अर्थ) भनिन्छ (ऐजन : २२०) । विभिन्न भाव व्यक्त भएका पाँचवटा वाक्यहरू क देखि ङ सम्म दिइएको छ ।

क) वाक्यमा सम्भावनार्थक वाक्य रहेको छ ।

ख) र ग) मा इच्छार्थक भावार्थ रहेका वाक्य छन् ।

घ) मा आज्ञार्थ क्रियापदहरू प्रयोग भएका वाक्यहरू छन् र

ङ) मा सङ्केतार्थ भावको वाक्य छ ।

उदाहरणको तल पाँचै वाक्यहरूका प्रकारहरूको खोलुवा गरिएको छ ।

- भाषा पाठ्यपुस्तक र आगमनात्मक विधिको प्रयोग भएको सकारात्मक पक्ष छ ।
- वाक्यहरू छोटा भएकाले बुझ्न सजिलो भएको छ ।

– उदाहरणहरू बढी प्रयोग गर्दा पाठ्यक्रमको अपेक्षा पूरा हुने देखिन्छ । यो यसको सुधार गर्नुपर्ने पक्ष रहेको छ ।

## ४.२.१० सामान्य र विशिष्ट (आलङ्कारिक) पदक्रम

व्याकरणका नियमअनुसार प्रयोग हुने पदहरूको क्रम व्याकरणात्मक पदक्रम हो । यसलाई सामान्य पदक्रम भनिन्छ । भाषिक सौंन्दर्यको निर्माण गर्न प्रयोग गरिने विशेष पदक्रमलाई विशिष्ट पदक्रम भनिन्छ । यसलाई आलङ्कारिक पदक्रम भनिन्छ (ज्ञवाली र अन्य, २०६७ : १३६, १३९) । सामान्य र विशिष्ट पदक्रमको प्रस्तुति यसप्रकार छ :

एउटै अर्थ व्यक्त भएका दुई भिन्न भिन्न अनुच्छेद 'क' र 'ख' दिइएको छ । विन्दु चिह्नमा 'क' अनुच्छेदमा प्रयोग भएका शब्दहरूको निश्चित पदक्रम छ । यसमा कर्ता, कर्म, क्रियाको व्याकरणिक प्रयोग भएको छ । यो सामान्य पदक्रम हो भनेर उदाहरण 'क' अनुच्छेदको खोलुवा गरिएको छ ।

'ख' उदाहरणमा प्रयोग भएको अनुच्छेदका शब्दहरूको पदक्रम खजमजिएको छ । यसमा पदहरूको विचलन भएको छ । यो आलङ्कारिक पदक्रम हो भनी खोलुवा गरिएको छ ।

माध्यमिक तहमा समावेश नभएको व्याकरणिक पाठ्यवस्तु भएकाले यो उच्च माध्यमिक तहका विद्यार्थीका लागि नवीन विषय वस्तु हो । त्यसैले यो पाठ्यवस्तुलाई सरल तथा विस्तारित ढङ्गबाट विन्यास गरिनु आवश्यक देखिन्छ । यो यस पाठ्यपुस्तकको सुधार गर्नुपर्ने पक्ष देखिन्छ । नवीन विषयवस्तु भएकाले छोटा र सरल वाक्य खण्डका भिन्न/भिन्न प्रयोगका उदाहरणबाट सुरुवात गरेर त्यस पश्चात् मात्र उल्लिखित उदाहरण समावेश गर्दा उपयुक्त तथा स्तरीय हुने देखिन्छ । यो यस पाठ्यपुस्तकको सुधार गर्नुपर्ने पक्ष हो ।

## ४.२.११ कारक

वाक्यमा क्रियाको कार्यमा सहायक वा साधन हुने शब्दलाई कारक भनिन्छ (अधिकारी, २०६३ : २५२) ।

### ४.२.११.१ संरचनाका आधारमा कारक : सरल र तिर्यक

संरचनाका आधारमा कारक : सरल र तिर्यकको प्रस्तुति यसप्रकार गरिएको छ :

बायाँतर्फ सरल कारकका चारवटा वाक्य र दायाँतर्फ तिर्यक कारकका परिवर्तित चारवटा वाक्यहरू राखिएका छन् । सरल र तिर्यक कारकमा स्पष्ट देखिने भिन्नतालाई माथिका उदाहरणबाट प्रष्ट पारिएको छ । सरल कारकमा एकवचन र तिर्यकमा विभक्ति नु, एको, जस्ता प्रत्यय जोडिन्छन् भनी खोलुवा गरिएको छ ।

आगमनात्मक विधिको प्रयोग गरिएको सबल पक्ष छ । सरल तरिकाबाट प्रस्तुत गरिएको यस पाठ्यवस्तुको सकारात्मक पक्ष रहेको छ । पाठ्यवस्तुको स्तरण स्तर अनुरूपताका आधारमा पाठ्यक्रमका आधारमा उपयुक्त देखिन्छ । यो यस पाठ्यपुस्तकको सकारात्मक पक्ष हो ।

## ४.२.११.२ अर्थका आधारमा कारक

अर्थका आधारमा कारकको प्रस्तुति यसप्रकार गरिएको छ :

साढे छ पङ्क्तिको अनुच्छेदमा १९ वटा कारक पदहरूलाई रेखाङ्कन गरी प्रस्तुत गरिएको छ (बहिनीलाई र झोलामा छुटेका गरी जम्मा २१ वटा पदहरू छन्) । अनुच्छेदको तलपट्टि कारकका प्रकारहरूलाई भिन्नभिन्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिकाले अनुच्छेदमा प्रयोग गरेका २१ वटा जुन रेखाङ्कन गरिएका र दुईवटा (बहिनीलाई र झोलामा चौथो पङ्क्तिको) छुट्न गएका कारकीय पदहरूलाई समेत ठीक ठीकसँग राखिएको छ ।

तालिकाको तल गाढा अक्षरमा विभिन्न कारकका प्रकारहरूलाई छुट्टाछुट्टै परिभाषिक गरी कारकको सामान्य चिनारी गरिएको छ ।

- आगमनात्मक ढङ्गबाट पाठ्यवस्तु विन्यास गरिएको यस पाठ्यपुस्तकको सकारात्मक पक्ष रहेको छ ।
- यो पाठ्यवस्तु पाठ्यक्रम अनुरूप रहेको यसको सबल पक्ष देखिन्छ ।

## ४.२.१२ विभक्ति

विभक्ति भनेको शब्दको विभाजक प्रत्यय हो । यसले वाक्यमा प्रयोगमा आएका शब्दहरूमध्ये एक शब्दबाट अर्को शब्दलाई अलग्याउन अथवा शब्दहरूका बीच आपसी

सम्बन्ध दर्साउन मद्दत गर्छ (अधिकारी, २०६३ : २५४) । विभक्तिको प्रस्तुति यसप्रकार गरिएको छ :

६ वटा पङ्क्तिमा २६ वटा विभक्ति लागेका शब्दलाई रेखाङ्कन गरिएको एउटा सानो अनुच्छेद प्रस्तुत गरिएको छ । अनुच्छेदको तलपट्टि रेखाङ्कित शब्दमा जोडिएका ले, लाई आदि विभक्ति हुन् भनी चिनाइएको छ ।

आगमन विधिको प्रयोग गरिएको छ । यो यस पाठ्यपुस्तकको सबल पक्ष हो । विद्यालय तहदेखि नै लम्बीय ढङ्गबाट स्तरण हुँदै आएको पाठ्यवस्तु भएकाले यो स्तर तथा पाठ्यक्रम दुवै पक्षबाट उपयुक्त देखिन्छ ।

## ४.२.१३ पद सङ्गति

वाक्यमा प्रयोग भएका शब्दहरूका बीचको रूपात्मक मेललाई पदसङ्गति भनिन्छ (अधिकारी, २०६३ : १९५) । पदसङ्गतिको प्रस्तुति यसप्रकार गरिएको छ :

६ वटा पदसङ्गति नमिलेका वाक्यहरू क, ख गरी दायाँ र बायाँ पक्षतर्फ राखिएका छन् । ९ पङ्क्तिको निर्देशनात्मक अनुच्छेदका माध्यमबाट माथिका ६ वटा वाक्यका विषयमा स्पष्टीकरण दिइएको छ । माथिका सङ्गति नमिलेका वाक्यलाई सङ्गति मिलाएर पुनः लेखिएका छन् । सङ्गति बारेमा जानकारी गराई सकेर माथिका ६ वाक्यहरूमा कर्ता र क्रियाबीच लिङ्ग, वचन, पुरुष र आदरका आधारमा सङ्गति आवश्यक हुन्छ भनी प्रष्ट गराइएको छ । तालिका प्रस्तुत गरी कर्ता र क्रियाबीच, नाम र सर्वनाम बीच, विशेषण र विशेष्य बीच, भेदक र भेद्यबीच हुने पद सङ्गतिलाई सङ्गति नमिलेका वाक्य र सङ्गति मिलेका वाक्यहरूका उदाहरण सहित देखाइएको छ ।

सङ्गतिकै सन्दर्भमा यहाँ वाच्यगत सङ्गतिबारे कर्तृ, कर्म र भाव वाच्यको सङ्गतिलाई तालिकामा सातवटा वाक्य दिई वाच्यका बारेमा सामान्य धारणा दिइएको छ । कर्तृवाच्यको वाक्यलाई कर्म वाच्यमा परिवर्तन गर्दा कर्म प्रधान हुने र कर्म पुलिङ्गी भए कर्म र क्रियाबीच सङ्गति हुनु पर्ने कुराको खुलासा गरिएको छ ।

कर्मवाच्यको कर्म स्त्री लिङ्गी, बहुवचन भए सोही अनुसार कर्म र क्रियाबीच सङ्गति हुनुपर्ने कुरा सङ्गतिको स्थान तालिकामा देखाइएको छ । ४, ५, ६ र ७ नम्बरमा

भाववाच्यका उदाहरण दिई भाववाच्यमा क्रियामात्र प्रधान हुने भएकाले वाच्य परिवर्तन गर्दा क्रिया सधैं तृतीय पुरुष एक वचन हुन्छ भन्ने कुराको खुलासा गरिएको छ ।

आगमनात्मक विधिको प्रयोग पाठ्यपुस्तकको सकारात्मक पक्ष रहेको छ । वाच्यको सङ्गति पाठ्यक्रममा उल्लेख गरिएको छैन । यस पाठ्यपुस्तकले वाच्यको सङ्गति उल्लेख गरेको छ । यो पाठ्यपुस्तकको सबल पक्ष देखिन्छ । पाठ्यक्रमले लिङ्ग, वचन, पुरुष, आदरका आधारमा पदसङ्गतिलाई उल्लेख गरेको छ । पाठ्यपुस्तकले वाच्यगत सङ्गतिलाई समेत समेटेको छ । यो पाठ्यक्रमको त्रुटिलाई पाठ्यपुस्तकले सच्याएको सबल पक्ष रहेको छ ।

## ४.२.१४ शब्द भण्डार

शब्दभण्डारको प्रस्तुति यसप्रकार छ :

गाढा अक्षरमा सञ्चार क्षेत्रसँग सम्बद्ध पारिभाषिक शब्द तथा शब्दावली दिई तिनको अर्थ बुझ्न निर्देशन दिइएको छ । बाँयापट्टि पारिभाषिक शब्दको क्रम, बीचमा त्यसको क्षेत्र र दायाँपट्टि अर्थ क्रमैसँग १० वटा पारिभाषिक शब्द र शब्दावली प्रस्तुत गरिएको छ । १६ र १७ वर्ष उमेर समूहका विद्यार्थीहरूको आवश्यकतालाई ध्यान दिएर पाठ्यक्रमले शब्द भण्डार समावेश गरेको छ । पाठ्यपुस्तकले समसामयिक आवश्यकतालाई बुझी सञ्चार क्षेत्रसँग सम्बन्धित शब्दावली प्रस्तुत गरेको छ । यो यस पाठ्यपुस्तकको सबल पक्ष हो ।

गाढा अक्षरमा प्राविधिक र पारिभाषिक शब्दावलीका बारेमा पाठ १२ (आलु निबन्ध) मा जानकारी दिइएको छ । यहाँ विभिन्न विषय क्षेत्रमा प्रयोगमा आउने प्राविधिक र पारिभाषिक शब्दावली दिइएका छन् ; पढ्नुहोस्, थप जानकरी लिनुहोस् भनी निर्देशन दिइएको छ (शब्द भण्डार आलु निबन्ध शीर्षक र खाद्य सङ्कट र जैविक विविधता लेख अन्तर्गत पृष्ठ १६० मा राखिएको छ) । साहित्य शीर्षक दिइएको ६ पङ्क्तिको सानो अनुच्छेदमा सोह्रवटा पारिभाषिक शब्दहरूलाई रेखाङ्कन गरिएको छ । प्रथम पुरुष दृष्टिविन्दु एउटै पारिभाषिक शब्द भए पनि तीनवटा रेखाङ्कन गरिएको छ । तृतीय पुरुष दृष्टिविन्दुमा चाहिँ दुईवटा रेखाङ्कन गरेर पुनः सच्याइएको देखिन्छ । भुलवश यहाँ पनि तृतीयमा एउटा रेखाङ्कन र पुरुष र दृष्टिविन्दुमा एउटा रेखाङ्कन गरिएको छ । यो यसको सुधार गर्नुपर्ने पक्ष देखिन्छ ।

अनुच्छेदको तल रेखाङ्कित शब्द साहित्यसँग सम्बन्धित पारिभाषिक शब्दहरू हुन् भनी प्रष्ट पारिएको छ ।

विभिन्न विषय क्षेत्रलाई गाढा अक्षरमा लेखी उक्त क्षेत्रमा प्रयोग हुने ९ वटा प्राविधिक तथा पारिभाषिक शब्दहरू दिइएका छन् । उक्त शब्दहरू प्रयोग गर्दै शिक्षकको समेत सहयोग लिई स-साना अनुच्छेदहरू निर्माण गर्न निर्देशन दिइएको छ ।

पाठ्यवस्तुलाई अभ्यासात्मक, क्रियाकलापमुखी, अनुसन्धानमुखी तथा प्रयोगात्मक बनाइएको छ । यो यस पाठ्यपुस्तकको सकरात्मक पक्ष हो ।

पारिभाषिक र प्राविधिक शब्दका बारेमा चार पङ्क्तिको अनुच्छेदमा सामान्य जानकारी दिँदै ती शब्दहरूको प्रयोग र अभ्यास गर्न गाढा अक्षरमा विभिन्न क्षेत्रसँग सम्बन्धित पारिभाषिक र प्राविधिक शब्दहरू दिई तिनको अर्थ दायाँपट्टि दिइएको छ ।

दैनिक बोलचालमा, व्यावहारमा प्रयोग हुने पारिभाषिक र प्राविधिक शब्दहरू उल्लेख गरी पाठ्यपुस्तकमा समावेश गरिनु सबल पक्ष हो ।

### ४.२.१५ वाक्यान्तरण

क) संरचनात्मक वाक्यान्तरण

ख) वाच्यगत वाक्यान्तरण

ग) कथन परिवर्तन

घ) करण अकरण

**क) संरचनात्मक वाक्यान्तरण**

संरचनात्मक वाक्यान्तरणको प्रस्तुति यसप्रकार छ :

बायाँतर्फ दुईवटा सरल वाक्य (एकथरी वाक्य) र दायाँतर्फ (अर्काथरी वाक्य) १, २, ३, ४ गरी चार वाक्य दिइएको छ । तल विन्दु चिह्न दिई माथिका वाक्यका चिनारी गराइएको छ । माथि गाढा अक्षरमा वाक्यहरू बीचको भिन्नता पहिचान गर्न निर्देशन दिइएको छ । अभ्यासात्मक ढङ्गबाट (क) मा संयुक्त वाक्य दिइएको छ र उक्त वाक्यलाई

सरल वाक्यमा बदल्न निर्देशन दिइएको छ । त्यस्तै दुईवटा सरल वाक्य दिई संयुक्त वाक्यमा बदल्न निर्देशन दिइएको छ ।

एक एकवटा संयुक्त र मिश्र वाक्य दिई क्रमशः सरल र संयुक्त वाक्यमा वाक्यान्तरण गर्न निर्देशन दिइएको छ । दुई दुईवटाका तीन पङ्क्ति सरल वाक्यहरू दिइएका छन् । उक्त वाक्यहरूलाई संयुक्त वा मिश्र वाक्यमा वाक्यान्तरण गर्नुहोस् भनिएको छ । संयुक्त र मिश्रवाक्य मिलेर बनेको तीन पङ्क्तिको अनुच्छेद दिई स-साना सरल वाक्यमा वाक्यान्तरण गर्न भनिएको छ ।

– आगमनात्मक ढङ्गबाट पाठ्यवस्तु विन्यास गरिएको छ ।
– भाषा पाठ्यपुस्तक विधिको प्रयोग भएको सकारात्मक पक्ष रहेको छ ।

**ख) वाच्यगत वाक्यान्तरण**

वाच्यगत वाक्यान्तरणको प्रस्तुति यसप्रकार छ :

बाँयातर्फ तारा चिह्न दिई पाँचवटा कर्तृवाच्यका वाक्यहरू दिइएका छन् । दायाँतर्फ तारा चिह्न दिई बायाँतर्फका कर्तृवाच्यलाई कर्मवाच्यमा परिवर्तन गरिएका वाक्यहरू दिइएका छन् । माथि गाढा अक्षरमा दुवैतर्फका वाक्य पढी भिन्नता पहिचान गर्नुहोस् भनी निर्देशन दिइएको छ । पहिलो विन्दु चिह्न दिई बायाँतर्फका कर्तृवाच्यको चिनारी र विशेषताहरू बताइएको छ । दोस्रो विन्दु चिह्न दिई दायाँतर्फका कर्मवाच्यको चिनारी र विशेषताहरू बताइएको छ । दोस्रो नम्बरमा बायाँतर्फ कर्तृवाच्यका चार वाक्य दिइएको छ । दायाँतर्फ बायाँतर्फका चार वाक्यलाई भाव वाच्यमा परिवर्तन गरेर राखिएको छ । निर्देशनले वाक्यहरू पढ्नुहोस् र तिनको भिन्नता बुझ्नुहोस् भनी भनिएको छ । विन्दु चिह्न दिई भाव वाच्यको चिनारी र विशेषताहरू बताइएको छ ।

– आगमन विधिको प्रयोग गरिएको छ ।
– पाठ्यवस्तुलाई अभ्यासमुखी ढङ्गबाट पहिचानात्मक र क्रियाकलापमुखी बनाइएको हो ।
– भाषा पाठ्यपुस्तक विधिको प्रयोग सकारात्मक देखिन्छ ।

**ग) कथन परिवर्तन**

कथन परिवर्तनको प्रस्तुति यसप्रकार छ :

बायाँतर्फ तारा चिह्न दिई चारवटा प्रत्यक्ष कथनका वाक्यहरू दिइएका छन् । दायाँतर्फ पनि तारा चिह्न दिई तिनै प्रत्यक्ष कथनका वाक्यहरूलाई अप्रत्यक्ष कथनमा बदलिएका वाक्यहरू दिइएका छन् । गाढा अक्षरमा बायाँ र दायाँतर्फका वाक्य पढ्न र भिन्नता थाहापाउनु होस् भन्ने निर्देशन दिइएको छ । तल विन्दु चिह्न दिएर माथिका प्रत्यक्ष कथन र अप्रत्यक्ष कथनको सामान्य चिनारी र वाक्यान्तरण गर्दा संयोजक थप्ने र वाक्यमा सामान्य हेरफेर हुने कुराको जानकारी गराइएको छ । पहिचानात्मक ढङ्गबाट बायाँतर्फ अप्रत्यक्ष कथन र दायाँतर्फ उनै अप्रत्यक्ष कथनका वाक्यलाई प्रत्यक्ष कथनमा परिवर्तन गरिएका चारवटा वाक्य राखिएका छन् । दुवै कथनका अन्तर पहिचान देखाउनुहोस् भनी विद्यार्थीलाई गाढा अक्षरमा निर्देशन दिइएको छ ।

– आगमन विधिको प्रयोग गरिएको छ ।

– भाषा पाठ्यपुस्तक विधिको प्रयोग सकारात्मक देखिन्छ ।

**घ) ध्रुवीयता (करण अकरण)**

ध्रुवीयता (करण अकरण) को प्रस्तुति यसप्रकार छ :

गाढा अक्षरमा दिइएका वाक्य पढ्न र तिनको बनोट र अर्थमा ध्यान दिन निर्देशन दिइएको छ । बायाँतर्फ आठवटा सकारात्मक अर्थ दिने करण वाक्यहरू दिइएका छन् । दायाँतर्फ तिनै आठ वाक्यहरूलाई निषेधात्मक (नकरात्मक) अर्थ बुझाएका अकरण अर्थ दिने वाक्यहरू दिइएका छन् । तलपट्टि विन्दु चिह्न दिई करण र अकरणको सामान्य चिनारी तथा करणबाट अकरणमा र अकरणबाट करणमा बदल्ने तरिका बताइएको छ ।

– आगमन विधिको प्रयोग गरिएको छ ।

– भाषा पाठ्यपुस्तक विधिको प्रयोग भएको छ ।

## ४.२.१६ पुनरावृत्ति अभ्यास

## ४.२.१६.१ क्रियाका भाव : पुनरावृत्ति अभ्यास

क्रियाका भाव : पनुरावृत्ति अभ्यासको प्रस्तुति यसप्रकार छ :

गाढा अक्षरमा तपाईंले पाठ ८ (म फूल लिएर आउनेछु) र पाठ १४ (एक चिहान सत्र-एकतिस) मा क्रियाका भाव र उक्ति परिवर्तनका सम्बन्धमा पढिसक्नु भएको छ । अब थप अभ्यास गर्नुहोस् भन्ने निर्देशन दिइएको छ ।

गाढा अक्षरमा तलका पङ्क्ति पढी क्रियाका भावको बोध गर्नुहोस् लेखिएको छ । क, ख, ग र घ मा विभिन्न भावका क्रियापदहरूको प्रयोग गरिएका वाक्यहरू दिइएका छन् । विन्दु चिह्न दिई माथिका वाक्यहरूको खोलुवा गरिएको छ । आज्ञार्थ, इच्छार्थ, सम्भावनार्थ र सङ्केतार्थ क्रियाको प्रयोग गरी क्रियाका भावहरू उदाहरणको प्रयोगद्वारा बुझाइएको छ । अभ्यासात्मक रूपमा 'नालापानीमा' एकाङ्कीबाट आज्ञार्थक, इच्छार्थक, सम्भावनार्थक तथा सङ्केतार्थक क्रियाको प्रयोग भएका उदाहरणहरू खोज्न विद्यार्थीलाई निर्देशन दिइएको छ । खोजिएका क्रियालाई विभिन्न लिङ्ग, वचन, पुरुषका कर्ता राखी आफ्ना वाक्यमा प्रयोग गर्न र तिनलाई अकरण रूपमा वाक्य बनाउन पनि एकसाथ निर्देशन दिइएको छ ।

यो व्याकरणिक पाठ्यवस्तुलाई अभ्यासमुखी, क्रियाकलापमुखी, खोजमूलक र प्रयोगात्मक बनाइएको छ । यो यस पाठ्यपुस्तकको सकारात्मक पक्ष रहेको छ । यो पाठ्यवस्तु पुनरावृत्ति गरी पाठ्यपुस्तकको पृष्ठ १७२ मा राखिएको छ ।

### ४.२.१६.२ उक्ति परिवर्तन : पुनरावृत्ति अभ्यास

पाठ १४ (एक चिहान) को उक्ति परिवर्तन सम्बन्धी अभ्यासका आधारमा सो संवादलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् भनी गाढा अक्षरमा निर्देशन दिइएको छ । राजन र बिनाको प्रत्यक्ष कथनमा आधारित छ पङ्क्तिको संवाद दिइएको छ । उक्त संवादलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्न भनिएको छ । क्रियाकलापमुखी ढङ्गबाट अप्रत्यक्ष कथनको दुई पङ्क्तिको अनुच्छेद दिई उक्त कथनलाई प्रत्यक्ष कथनमा परिवर्तन गर्न निर्देशन दिइएको छ ।

क्रियाकलापमुखी ढङ्गबाट पाठ्यवस्तुलाई प्रस्तुत गरिएको यस पाठ्यपुस्तकको सकारात्मक पक्ष देखिन्छ । यो पाठ्यवस्तु पृष्ठ १७३ मा राखिएको छ ।

### ४.२.१६.३ वर्ण र अक्षर : पुनरावृत्ति अभ्यास

वर्ण र अक्षर : पनुरावृत्ति अभ्यासको प्रस्तुति यसप्रकार छ :

१९ पङ्क्तिको अनुच्छेद दिइएको छ । निर्देशन अनुसार उच्चारण स्थान, उच्चारण प्रयत्न तथा घोषत्व र प्राणत्वका पाँच/पाँच वर्णहरू टिपी सूची बनाउनुहोस् भनी गाढा अक्षरमा निर्देशन दिइएको छ ।

१८ वटा शब्दमा रेखाङ्कन गरिएको पाँच पङ्क्तिले बनिएको एउटा अनुच्छेद दिइएको छ । रेखाङ्कित शब्दको अक्षर संरचना देखाई अक्षर सङ्ख्यासमेत लेख्नुहोस् भनी गाढा अक्षरमा निर्देशन दिइएको छ । पाठ १ र २ मा रहेको वर्ण र अक्षरको पहिचान अन्तर्गत रहेको व्याकरणिक पाठ्यवस्तुलाई यहाँ पुनरावृत्ति गराइएको छ ।

- नवीन विषयवस्तु भएकाले पुनरावृत्ति आवश्यक देखिन्छ ।
- यो पाठ्यवस्तु खोजमुखी, क्रियाकलापमुखी, अभ्यासात्मक तथा प्रयोगात्मक बनाइएको यस पाठ्यपुस्तकको सकारात्मक पक्ष रहेको देखिन्छ ।
- यो पाठ्यवस्तु पाठ्यपुस्तको पृष्ठ १७३ र १७४ मा राखिएको छ ।

### ४.२.१६.४ क्रियाका काल र पक्ष : पुनरावृत्ति अभ्यास

क्रियाका काल र पक्षको पनुरावृत्ति अभ्यासको प्रस्तुति यसप्रकार छ :

पाठ आठ (म फुल लिएर आउनेछु) मा क्रियाका काल र पक्षको प्रयोग र पहिचान दिइएको जानकारी गराइएको छ । यस पाठमा पुनरावृत्तिका लागि थप अभ्यास दिइएको छ ।

१ नम्बरमा क, ख र ग गरी अभ्यासहरू राखिएका छन् । बोधात्मक ढङ्गले सात पङ्क्तिको अनुच्छेद दिई त्यसमा प्रयोग भएका वाक्यहरूबाट भूत र अभूत कालका वाक्यहरू पहिचान गरी छुट्टाछुट्टै वाक्यहरूका सूची बनाउन निर्देशन दिइएको छ । नम्बर १ को (ख) मा भूत र अभूत कालका क्रियापदको प्रयोग गरी पाँच पाँच वाक्य बनाउनुहोस् भनी गाढा अक्षरमा लेखिएको छ । ग मा भूत र अभूतकालका दश/दश क्रियापदहरूको सूची बनाउनुहोस् भनी गाढा अक्षरमा लेखिएको छ ।

नम्बर २ मा बोधात्मक ढङ्गबाट भूतकालका पाँचै पक्षहरूको प्रयोग गरिएको सात पङ्क्तिको २२ वाक्यहरू मिलेर बनेको अनुच्छेद दिइएको छ । अनुच्छेद पढेर सामान्य भूत काल, पूर्ण भूत, अपूर्ण भूत, अज्ञात भूत र अभ्यस्त भूत कालका वाक्यहरू छान्न गाढा अक्षरमा अनुच्छेदको माथि निर्देशन दिइएको छ ।

नम्बर ३ मा वर्तमान (अभूत) कालका अपूर्ण, पूर्ण र सामान्य पक्षका ११ वटा वाक्यहरू मिली बनेको अनुच्छेद दिइएको छ । गाढा अक्षरमा अनुच्छेद पढी अभूत (वर्तमान) कालका अपूर्ण, पूर्ण र सामान्य पक्षका वाक्यहरू छुट्याउनुहोस् भनी निर्देश गरिएको छ ।

नम्बर ४ मा अभ्यासात्मक ढङ्गबाट भूतकाल र अभूत (वर्तमान) कालका सबै पक्षहरूको प्रयोग गरी पाँच पाँच वाक्य बनाउनुहोस् भनी गाढा अक्षरले लेखिएको छ ।

नम्बर ५ मा अभूत (वर्तमान) कालका अपूर्ण, पूर्ण र सामान्य पक्षको प्रयोग गरी कुनै एक विषयमा एक एक अनुच्छेद लेख्नुहोस् भनी भनिएको छ । नम्बर ६ मा भविष्यत् कालीन क्रियापदहरू प्रयोग भएको आठवटा वाक्यहरू मिली तीन पङ्क्तिले बनेको अनुच्छेद दिइएको छ । भविष्यत् कालका सामान्य, अपूर्ण र पूर्ण पक्षका वाक्यहरूका अलग अलग सूची बनाई प्रस्तुत गर्नुहोस् भनेर गाढा अक्षरमा निर्देशन दिइएको छ । नम्बर ७ मा तलका वाक्यहरू पढी क्रियाका काल र पक्षका आधारमा तिनलाई बेग्लाबेग्लै सूचीबद्ध गर्नुहोस् भनी गाढा अक्षरमा निर्देशन दिइएको छ । नम्बर ८ मा कुन कुन वाक्यमा अज्ञात पक्षको प्रयोग भएको छ ? पहिचान गर्नुहोस् भनी गाढा अक्षरमा निर्देशन दिइएको छ । अ, आ, इ, ई गरी चारवाक्य दिइएको छ । आ र ई मा अज्ञात पक्षको प्रयोग गरिएको छ ।

नम्बर ९ मा अभ्यस्त भूतकालको प्रयोग गरी पाँच वाक्यमा आफ्नो विगतका स्मृति सन्दर्भ प्रस्तुत गर्दै एउटा अनुच्छेद तयार गर्नुहोस् भनी गाढा अक्षरमा लेखिएको छ । नम्बर १० मा माथि दिइएका उदाहरणमा झैँ पाँच वाक्यमा सबै पक्षका क्रियापदको प्रयोग गरी एउटा अनुच्छेद रचना गर्नुहोस् भनी गाढा अक्षरमा लेखिएको छ ।

- यस अभ्यासात्मक पाठ्यवस्तुमा पहिचानात्मक, खोजमूलक ढङ्गबाट क्रियाका काल र पक्षहरूका उदाहरण सहित वाक्यहरू प्रस्तुत गरिएको छ ।
- विद्यार्थीहरूलाई सक्रिय गराउँदै व्याकरणिक पाठ्यवस्तुलाई थप क्रियाकलापमुखी बनाइएको छ ।
- आगमनात्मक ढङ्गबाट पाठ्यवस्तुलाई छनोट र स्तरण गरिनु यस पाठ्यपुस्तकको सकारात्मक पक्ष हो ।

### ४.२.१६.५ वाक्यान्तरण : पुनरावृत्ति अभ्यास

वाक्यान्तरण : पनुरावृत्ति अभ्यासको प्रस्तुति यसप्रकार छ :

नम्बर १ मा तलका वाक्यहरू हेर्नुहोस् र पाठ १३ (शत्रु) र पाठ १४ (एक चिहान) मा गरेको अभ्यासका आधारमा ती तलका क देखि ड सम्मका १३ वटा वाक्यहरू सरल, संयुक्त वा मिश्र के हुन् छुट्याउनुहोस् भनी गाढा अक्षरमा लेखिएको छ । ती वाक्यहरू क्रमैसँग पाँचवटा सरल वाक्य हुन् । च र छ मिश्र, ज सरल, झ, ञ, ट संयुक्त, ठ मिश्र र ड संयुक्त हुन् । नम्बर २ मा उपयुक्त वाक्यहरूलाई उदाहरणमा दिए जस्तै सरल भए संयुक्त मिश्र तथा मिश्र र संयुक्त भए सरल वाक्यमा परिवर्तन गर्नुहोस् भनी गाढा अक्षरमा लेखिएको छ । अभ्यासात्मक ढङ्गले बायाँतर्फ क्रमैसँग पहिलो वाक्य सरलबाट संयुक्त र मिश्र बनाइएका छन् । दोस्रो मिश्रबाट सरल र संयुक्त र तेस्रो सरलबाट संयुक्तमा परिवर्तन गराएर राखिएको छ ।

- आगमन विधिको प्रयोग यस पाठ्यपुस्तकको सबल पक्ष देखिन्छ ।
- अभ्यासात्मक तथा क्रियाकलापमुखी पाठ्यवस्तु राखिनु यसको सकारात्मक पक्ष रहेको देखिन्छ ।
- यो पाठ्यवस्तु पाठ्यपुस्तकको पृष्ठ २१२ र २१३ मा राखिएको छ ।

# परिच्छेद - पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

### ५.१.१ सबल पक्ष

उच्च माध्यमिक शिक्षा परिषद्अन्तर्गतको अनिवार्य विषयको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट व्याकरण खण्डको अध्ययनबाट निम्नलिखित सबल पक्ष देखिएका छन् :

१) भाषिक सीप अभिवृद्धिका लागि व्याकरणिक पाठ्यवस्तुलाई महत्त्वका साथ प्रस्तुत गरिएको छ ।

२) विद्यालय तहमा समावेश नभएका व्याकरणिक विषयवस्तुहरू थप गरिएको छ ।

३) व्याकरणिक विषयवस्तुहरूलाई आगमनात्मक ढङ्गबाट शिक्षण गर्नेगरी विन्यास गरिएको छ ।

४) व्याकरणिक पाठ्यवस्तुहरूलाई भाषा पाठ्यपुस्तक र भाषासंसर्ग विधिअनुरूप तयार पारिएको छ ।

५) व्याकरणिक पाठ्यवस्तुहरूलाई सैद्धान्तिक भन्दा व्यावहारिक बनाई प्रायोगिक बनाइएको छ ।

६) विद्यालय तहसँग तालमेल गराइएको छ ।

७) व्याकरणिक पाठ्यवस्तुहरूलाई पहिचानात्मक, धारणात्मक तथा अभ्यासात्मक बनाइएको छ ।

८) कुनै पाठ्यवस्तुलाई तारा चिह्नहरूमा उदाहरण प्रस्तुत गरी विन्दु (गाढा थोप्लो) चिह्नले माथिका उदाहरणहरूको खोलुवा स्पष्ट तरिकाले गरिएको छ ।

९) व्याकरणिक पाठ्यवस्तुको स्तरण प्रक्रिया उपयुक्त छ ।

१०) व्याकरणका पाठ्यवस्तुलाई विद्यालय तहदेखि उच्च माध्यमिक तहसम्म चक्रिय ढङ्गबाट स्तरण गरिएको छ ।

११) अधिकांश पाठ्यवस्तुलाई अनुच्छेद तथा अनुच्छेदमा रेखाङ्कन गरी सरल ढङ्गबाट प्रष्ट पारिएको छ ।

१२) गाढा अक्षरमा निर्देशन दिई अभ्यासात्मक तथा क्रियाकलात्मक ढाँचामा पाठ्यवस्तुलाई प्रस्तुत गरिएको छ ।

१३) जटिल व्याकरणिक विषयवस्तुहरूलाई पुनरावृत्ति गराइएको छ ।

१४) वर्णविन्यासका विविध विषयवस्तुहरूलाई पुनरावृत्ति गराइएको छ ।

१५) वर्णविन्यासलाई नयाँ मानक अनुसार प्रयोग गरिएको छ ।

१६) अनुसन्धानात्मक तथा खोजमूलक ढङ्गबाट विद्यार्थीहरूलाई व्याकरणिक विषयवस्तुमा अभ्यस्त बनाउन खोजिएको छ ।

१७) पाठ्यपुस्तकमा पाठ्यक्रम तथा विशिष्टीकरण तालिका र नमुना प्रश्नपत्रसमेत समाविष्ट गरिएको छ ।

१८) उच्च शिक्षाको प्रवेशद्वारका रूपमा रहेको कक्षा ११ र १२ मा समाविष्ट व्याकरणात्मक पाठ्यवस्तुहरू उच्च शिक्षाका लागि आधारभूत पृष्ठभूमि हुने गरी प्रस्तुत गरिएको छ ।

१९) अभ्यासात्मक किसिमबाट प्रस्तुत गरिएकाले विद्यार्थीलाई अभ्यासमा प्रवृत्त गराउन सकेको खण्डमा उन्नत किसिमको भाषा सिकाइ हुने देखिन्छ ।

## ५.२ सुझावहरू

'सबैको नेपाली' पाठ्यपुस्तकमा समाविष्ट व्याकरण खण्डमा देखिएका कमीकमजोरीहरू हटाई स्तरीय बनाउनका लागि निम्न सुझावहरू आवश्यक छन् :

१. उच्च माध्यमिक तह उच्च तहको पूर्वाधार भएकाले यसमा समाविष्ट व्याकरणिक विषयवस्तुको विद्यार्थीको भाषिक ज्ञानलाई मात्र नभई मध्यम स्तरको जनशक्ति उत्पादनमा सहायक हुनेगरी स्तरअनुरूप क्षमतावन् बनाउने गरी पाठ्यवस्तुको क्षेत्र र क्रमहरूलाई सोपान क्रममा स्तरीय बनाउनु आवश्यक देखिन्छ ।

२. वर्ण विन्यासलाई उपयुक्त ढङ्गबाट प्रयोग गर्ने स्पष्ट आधार र मानक तय गरी विद्यार्थी, शिक्षक तथा सम्बद्ध सबैको अन्योलको शीघ्र अन्त्य गरिनुपर्छ ।

३. व्याकरणका विविध विषयवस्तुहरूलाई सरल, मध्यम र जटिल गरी क्रमिक ढङ्गबाट क्षेत्र विस्तार गर्दै स्तरण गरिनुपर्छ ।

४. व्याकरणिक विषयवस्तुका प्रकृतिअनुसार उदाहरणहरू थपघट गरिनुपर्छ ।

५. आवश्यकताअनुसार व्याकरणिक विषयवस्तुहरूलाई तालिका, चार्टहरूको प्रयोग गरी वितरण गरिनुपर्छ ।

६. सरल तथा उपयुक्त ढङ्गले विषयवस्तुको प्रकृतिअनुरूप साना, मझौला र ठूला अनुच्छेदहरू प्रयोग गरी धेरै उदाहरणहरूलाई रेखाङ्कन गरी पाठ्यवस्तुलाई प्रस्तुत गर्दा विद्यार्थीको धारणा दिगो बन्न थप सहयोग पुग्ने देखिन्छ ।

७. प्रत्येक पाठ शीर्षकहरूमा समान ढङ्गले व्याकरणिक पाठ्यवस्तुहरू वितरण गर्नु आवश्यक देखिन्छ ।

८. वर्णविन्यास तथा लेख्य चिह्नहरूसँग सम्बन्धित पाठ्यवस्तुहरूलाई अगाडि राखिनुपर्ने देखिन्छ ।

९. व्याकरणिक विषयवस्तुको सङ्गठन गर्दा क्रमिकतालाई ध्यान दिनुपर्ने देखिन्छ ।

१०. शब्दकोश प्रयोग विधि व्याकरण खण्डमा समावेश गरिनु आवश्यक देखिन्छ ।

११. पाठ्यपुस्तकका समाविष्ट व्याकरण पाठहरूमा हुन गएका त्रुटिहरूको शीघ्र अन्त्य हुनुपर्छ ।

१२. 'सबैको नेपाली' पाठ्यपुस्तकमा समाविष्ट व्याकरणिक पाठ्यवस्तुहरूलाई उच्च तहसँग तालमेल हुने गरी स्तरण गर्नु आवश्यक देखिन्छ ।

१३. व्याकरणिक विषयवस्तुको आयाम अति सङ्क्षिप्त नभई मझौला आयाममा उदाहरणहरूको सङ्ख्या बढाई सरलबाट जटिलको क्रममा स्तरण गर्नु आवश्यक देखिन्छ ।

१४. उदाहरणहरू प्रस्तुत गर्दा कहिँ तारा चिह्न, कहिँ विन्दु र कहिँ चिह्न नदिई राख्नु भन्दा एकरूपता कायम गर्नु आवश्यक देखिन्छ ।

१५. वर्णविन्यासमा रहेको थप अन्योलको शीघ्र अन्त्य गरिनु आवश्यक छ ।

१६. पाठ्यक्रम अनुरूप पाठ्यवस्तुहरू वितरण हुनु आवश्यक छ ।

१७. पाठ्यक्रमले तोकेको व्याकरणिक विषयवस्तु (भाषिक त्रुटि निराकरणमा शब्दकोशको प्रयोग र अभ्यास) पाठ्यपुस्तकको व्याकरणिक खण्डमा समाविष्ट छैन । यस्ता गम्भीर त्रुटिहरूको शीघ्र अन्त्य गरिनु आवश्यक छ ।

१८. प्रत्येक पाठहरूमा व्याकरणिक पाठ्यवस्तुहरूलाई समान र सन्तुलित रूपमा वितरण गरिनु पर्छ ।

## ५.३ सम्भावित शोध शीर्षकहरू

१. 'सबैको नेपाली' पाठ्यपुस्तकमा समाविष्ट व्याकरण अभ्यासको अध्ययन,

२. 'सबैको नेपाली' पाठ्यपुस्तकमा समाविष्ट तत्सम, तद्भव र आगन्तुक शब्दहरूको अध्ययन,

३. 'सबैको नेपाली' पाठ्यपुस्तकमा समाविष्ट व्याकरणात्मक कोटिहरूको अध्ययन तथा विश्लेषण,

४. 'सबैको नेपाली' पाठ्यपुस्तकमा समाविष्ट शब्दभण्डारको अध्ययन तथा विश्लेषण,

५. 'सबैको नेपाली' पाठ्यपुस्तकमा समाविष्ट विधाहरूको अध्ययन विश्लेषण,

६. 'सबैको नेपाली' पाठ्यपुस्तको समग्र अध्ययन,

७. 'सबैको नेपाली' पाठ्यपुस्तकमा समाविष्ट व्याकरण खण्डको पाठ्यक्रम अनुरूपताको अध्ययन तथा विश्लेषण,

८. 'सबैको नेपाली' पाठ्यपुस्तकमा समाविष्ट उखान टुक्काहरूको अध्ययन तथा विश्लेषण ।

९. 'सबैको नेपाली' पाठ्यपुस्तकमा समाविष्ट व्याकरणको शिक्षण गर्दा प्रयोग गरिने शिक्षण विधि र शैक्षिक सामग्रीहरूको अध्ययन तथा विश्लेषण,

१०. 'सबैको नेपाली' पाठ्यपुस्तकमा प्रयुक्त अनुकरणात्मक शब्दहरूको अध्ययन तथा विश्लेषण ।

## ५.४ शोधको शैक्षिक प्रयोजन

१. यस शोधले भावी अनुसन्धाताका लागि व्याकरण विधासँग सम्बन्धित भई अध्ययन तथा अनुसन्धान गर्न आधार प्रदान गर्नेछ ।

२. उच्च माध्यमिक तहको नेपाली भाषापाठ्यपुस्तकमा समाविष्ट व्याकरण खण्डको पाठ्यक्रमका उद्देश्य, स्तरअनुरूपता भए नभएको अध्ययन गरी सुधार गर्न प्रस्तुत शोधले सघाउ पुऱ्याउनेछ ।

३. व्याकरण विधाअन्तर्गतका व्याकरणिक कोटिहरूको अध्ययन गर्न सहयोग पुग्नेछ ।

४. उच्च माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट व्याकरण विधासँग सम्बन्धित पाठ्यवस्तुहरूका कमजोरी तथा त्रुटिहरूको पहिचान गर्न शिक्षक, विद्यार्थी र सरोकारवालालाई सहयोग गर्नेछ ।

५. उच्च माध्यमिक तहको भाषा पाठ्यक्रमका सबल तथा दुर्बल पक्षहरूको पहिचान गरी सुधार गर्न सहयोग गर्नेछ ।

६. उच्च माध्यमिक तहको व्याकरणिक क्षेत्रहरूको छनोट र स्तरणसम्बन्धी सबल तथा दुर्बल पक्ष पहिचान गर्न सहयोग गर्नेछ ।

७. व्याकरणको सैद्धान्तिक तथा व्यावहारिक ज्ञानलाई आवश्यकता अनुरूप छनोट र स्तरण गर्न सहयोग पुऱ्याउनेछ ।

८. शिक्षक र विद्यार्थीलाई व्याकरणिक विषयवस्तुको सैद्धान्तिक र प्रायोगिक ज्ञान हासिल गराउन प्रस्तुत शोधले सघाउ पुऱ्याउन सक्नेछ ।

९. शिक्षकहरूलाई व्याकरण शिक्षण गर्दा पाठ्यवस्तु अनुरूप फरक फरक विधिहरूको चयन गर्ने आधार प्रदान गर्न सक्नेछ ।

१०. शैक्षिक क्षेत्रमा संलग्न शिक्षाविद्, पाठ्यक्रमविद्, शिक्षक, प्रशासक तथा सम्पूर्ण सरोकारवाला व्यक्तिहरूलाई यस शोधपत्रले थप अध्ययन तथा अनुसन्धान गर्न आधार प्रदान गर्नेछ ।

# सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०६३), **प्रयोगात्मक सरल नेपाली व्याकरण,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

(२०६३), **नेपाली भाषा शिक्षण,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०६६), **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

अवस्थि, महादेव र अन्य (२०५३), **नेपाली व्यावहारिक व्याकरण र अभिव्यक्ति**, काठमाडौँ : एकता बुक्स डिस्ट्रिव्युटर्स ।

काफ्ले, सूर्यप्रसाद (२०६५), **कक्षा १० को नेपाली (२०६४) पाठ्यपुस्तकमा समाविष्ट व्याकरणको अध्ययन**, (अप्रकाशित शोधपत्र) कीर्तिपुर, काठमाडौँ : नेपाली भाषा शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, त्रि.वि. ।

न्यौपाने, टङ्कप्रसाद र अन्य (२०६७), **भाषा विज्ञानका प्रमुख आयाम**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

पोखरेल, बालकृष्ण र अन्य (२०४०), **बृहत् नेपाली शब्दकोश**, काठमाडौँ : ने.रा.प्र.प्र. ।

बराल, टिकादत्त (२०६८), **तत्सम व्युत्पत्ति शब्दकोश**, काठमाडौँ : विद्यार्थी पुस्तक प्रकाशन ।

ढकाल, शान्तिप्रसाद (२०६७), **भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति**, काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेशन ।

ढकाल, शान्तिप्रसाद (२०६७), **सामान्य भाषा विज्ञान**, काठमाडौँ : शुभकामना प्रकासन ।

भट्टराई, केशवप्रसाद (२०६७), **कक्षा ९ को भाषा पाठ्यपुस्तकमा समाविष्ट व्याकरण सम्बन्धी अभ्यासहरूको विश्लेषणात्मक अध्ययन**, (अप्रकाशित शोधपत्र) इन्द्रपुर, मोरङ : नेपाली भाषा शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, सुकुना बहुमुखी क्याम्पस ।

भट्टराई, डि.पी र अन्य, (२०६७), **अनिवार्य नेपाली**, काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल एकेडेमी ।

लामिछाने, यादवप्रकाश (२०५७), **नेपाली भाषाशिक्षण परिचय,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लोहनी, श्रीधर र रामेश्वर अधिकारी (२०६७), **एकता बृहत् नेपाली - अङ्ग्रेजी कोश,** थापाथली, काठमाडौँ : एकता बुक्स् एन्ड डिस्ट्रिव्युटर्स प्रा.लि. ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौँ : न्यू हिरा बुक्स प्रा.लि. ।

**श्रीमद्भागवतमहापुराणम्**, गोविन्दभवन कार्यालय, गीताप्रेस, गोरखपुर सं. २००८ से २०५१ तक सं. २०५४ तेरहवाँ संस्करण ।

ज्ञवाली, रामप्रसाद र अन्य (२०६७), **अनिवार्य नेपाली**, काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

# व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | लक्ष्मी रेग्मी (सुवेदी) |
| माता | : | रुक्मणी रेग्मी |
| पिता | : | इन्द्रप्रसाद रेग्मी |
| पति | : | परशुराम सुवेदी |
| जन्म मिति | : | २०२०/३/२८ (सन् १९७१, जुलाइ १२) |
| ठेगाना | : | बेलबारी ३, मोरङ |
| शैक्षिक योग्यता | : | बी.ए., बी.एड. |
| पेसा | : | शिक्षक |
| विद्यालय | : | श्री भगवती उ.मा.वि.बेलबारी ३ |